नजर हमर

मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो "त्रिशक्ति"को कमाल
त्रिशक्ति ट्रेक्टर

वर्ष १ | अंक २३३ | २०८० साल असार १९ गते मंगलबार | Tuesday 04, July 2023 | सूर्योदय: बिहान ५:१६ बजे | सूर्यास्त: साँझ ७:३ बजे | पृष्ठ ८ | मूल्य रु. ५/-

## दलालमार्फत नागरिकता बनाउने 'सुविधा'

**दीपक कर्ण/प्रमोद साह/किरण कर्ण**
**जनकपुरधाम।**
सोमबार दिउँसो करिब २ बजेको समयमा जिल्ला प्रशासन कार्यालय धनुषाको झ्यालअगाडि सैयौँ सेवाग्राहीको भिड थियो। लाइनमा उभिएर नागरिकता फाँटका कर्मचारीलाई 'सर- सर' भन्दै बोलाइरहँदा कर्मचारीले भने उनीहरुको कुरा सुनिरहेका थिएनन्। हामी रिर्पोटिङक्रममा त्यहाँ पुग्दा यस्तो दृष्य देख्यौँ।
लाइनमै उभिएका एकजना सेवाग्राहीलाई बाहिर बोलाएर उनको समस्याबारे सोध्यौँ। धनुषाको क्षीरेश्वरनाथ नगरपालिका वडा नम्बर-७ का धनिकलाल महतोले आफू गत शुक्रबारदेखि नै यहाँ नियमित दौडिरहेको सुनाए। उनी आफ्नो जन्मसिद्ध नागरिकता बनाउन दौडधुप गरिरहेका थिए। तर, उनको काम कर्मचारीले गर्न मानिरहेका थिएनन्। उनले आफूसँग नागरिकता प्राप्त गर्न आवश्यक सम्पूर्ण प्रमाण हुँदाहुँदै कर्मचारीले विभिन्न बहाना बनाएर काम गर्न नमानिरहेको गुनासो पोखे।
'कर्मचारीले भनेको सबै मुचुल्का र कागजात लिएर आएको छु। तर, काम गरिदिँदैनन्,' उनले भने, 'सिडिओलाई पनि भने, फाँटमा जानुस् काम भइहाल्छ भन्नुहुन्छ तर यहाँ गर्दिँदैनन्।'
उनीसँग कुरा गरिरहँदा अर्का सेवाग्राही पनि आफ्नो समस्या सुनाउन हामी नजिक आइपुगे। मिथिला नगरपालिका वडा नम्बर-८ कुसुमबिसौनाका सुदीपकुमार महतोले आफूले नाता प्रमाणित र बसोबाससम्बन्धी सम्पूर्ण प्रमाण संकलन गरेर ल्याइसकेको अवस्थामा पनि कर्मचारीले कागजात फेरि ल्याउन भनिरहेको बताए। आफू विगत तीन दिनदेखि जिल्ला प्रशासन कार्यालयमा नागरिकता बनाउन



दौडधुप गरिरहेको उनको दुःखेसो थियो।
'मागेको जति सबै कागजात ल्याएको छु तर कर्मचारीले काम गरिदिएनन्, यो मिलेन, त्यो मिलेन भन्दै फर्काउँछन्,' उनले भने, 'सुरुमै एउटा दलालले पैसा दिन्छौ भने एकै दिनमा काम गराइदिन्छु भनेको थियो, मैले दिइनँ।'
'मागेको सबै कागजात बुझाएर दौडेको दौड्यै छु तैपनि कर्मचारीले काम गर्दिँदैनन्,' उनी भन्छन्, 'घुस लिएर बिचौलियामार्फत काम गराउन खोज्छन्। बिचौलियामार्फत जानेको काम फटाफट हुन्छ।'
यसरी हुन्छ पैसाको बार्गेनिङ
सुदीपले कार्यालय बाहिर बिचौलियाको बिगबिगी रहेको र उनीहरुको माध्यमले काम गराउन लगाउँदा केहीबेरमै काम हुने गरेको सुनाए। उनले दाबीका साथ यस्तो बोलेपछि हाम्रो मनमा पनि बिचौलियाको माध्यमले काम हुन्छ कि भन्ने शंका उब्जियो। हामी बिचौलियालाई खोज्न थाल्यौँ। सुदीपले हामीलाई एकजना बिचौलियाको काम गर्ने व्यक्तिको मोबाइल नम्बर पनि उपलब्ध गराए। उनले उपलब्ध गराएको मोबाइल नम्बर ९८१६७ ८८८१० मा हामीसँगै गएका सहकर्मी भाइको मोबाइलबाट फोन गर्यौं, फोन उठ्यो।
'मलाइ मेरो भाइको नागरिकता बनाउनु पर्नेछ, यहाँ कार्यालयमा आएको छु। एकजना दाइले तपाईंको नम्बर दिनुभएको थियो। धेरै दिनदेखि दौडधुप गरिरहेको छु, कृपया मेरो भाइको नागरिकता बनाउन लगाइदिनुस् न' भनेपछि उनले 'हुन्छ, तपाईं कदमचोक आएर कुरा गर्नुस्' भन्दै फोन काटे। त्यसपछि फेरि हामीले सुदीपसँग पनि सोही नम्बरमा फोन गर्न लगार्यौं। सुदीपलाई उनले गंगासागर घाटमा आउन भने। हामीले सुदीपलाई त्यहाँ जान भन्यौ। उनी केहीबेरमै त्यहाँ पुग्दा ती बिचौलियाले उनीसँग पैसाको बार्गेनिङ गरे। सुदीपलाई उनले 'नागरिकता बनाउनु छ' भने यसमा धेरै झन्झटिलो प्रक्रिया छ, तपाईंले २५ हजार रुपैयाँ तिर्नुपर्छ भन्दै बार्गेनिङ्ग गरे। सुदीपले धेरैबेर आग्रह पनि गरे तर उनले सोभन्दा कम नहुने र काम गराउनु छ भने चाँडो पैसा लिएर आफूसँग फेरि सम्पर्क गर्न भन्दै त्यहाँबाट निस्के।
केहीबेरमै सो नम्बरबाट फेरि सहकर्मीको नम्बरमा फोन आयो। उनले 'तपाईंलाई नागरिकता बनाउनु पर्नेछ भने छिटो कदमचोक आएर मसँग भेटनुस्' भन्दै फोन काटे। त्यसपछि हामीले यसको तहसम्म जाने प्रयास गर्यौं। धेरैबेर जिल्ला प्रशासन कार्यालयमै समय बितायौँ। हामीलाई देख्दा कैयौं सेवाग्राहीले आआफ्नो समस्या सुनाउन थाले। सबैको प्रायः एउटै गुनासो थियो। यहाँ आफैं घण्टौं लाइनमा उभिएर

*बाँकी पृष्ठ २ मा*

## रौनियार २५ दिन हिरासतमा रहन सक्ने



*अहिले हामी हरिनारायण रौनियारबारे अनुसन्धान गरिरहेका छौँ, उहाँलाई हिरासतमा राखेर अनुसन्धान भइरहेको छ र २५ दिनसम्म हिरासतमा राख्न सक्ने व्यवस्था छ, ठगी मुद्दामा उहाँमाथि अनुसन्धान भइरहेको र अनुसन्धान पूरा भएपछि मात्रै अदालतमा पेश गर्नेछौँ।*



*-सन्तोष सिंह राठौर*
*एसपी, बाँके प्रहरी*

**मधेशदृष्टि**
**वीरगंज।**
पप्पु कन्स्ट्रक्सनका सञ्चालक एवम् पर्साका पूर्व सांसद हरिनारायण रौनियार अरु २० दिनसम्म हिरासतमा रहन सक्ने भएका छन्। हिरासतमा रहेको पाँच दिन भइसक्दा पनि उनीमाथि अनुसन्धान जारी रहेको जिल्ला प्रहरी कार्यालय बाँकेले जनाएको छ। प्रहरी वृत्त बानेश्वरको टोलीले शुक्रबार अपराह्न काठमाडौँको बानेश्वरबाट पक्राउ गरी रौनियारलाई बाँके पठाएको हो। 'कोहलपुरमा रहेको क्रसर उद्योगको विषयमा रौनियारले ठगी गरेको उजुरी छ,' बाँके प्रहरी कार्यालयका एसपी सन्तोष सिंह राठौरले भने, 'आफ्ना साझेदारलाई अदालतले रोक्का गरेको जय भोलेबाबा क्रसर उद्योग किनबेच गरी ठगी गरेको भन्दै साझेदारलगायतको टोलीले रौनियारविरुद्ध उजुरी दिएका हुन्, त्यसैमा अनुसन्धान भइरहेको छ।'
रौनियारविरूद्ध जिल्ला प्रहरी कार्यालय बाँकेमा ठगीसम्बन्धी उजुरी परेपछि उनको हिरासत यात्रा लम्बिने देखिएको छ। उजुरीका आधारमा रौनियार पक्राउ परेका हुन्। २०७४ मा पर्सा क्षेत्र नम्बर ३ बाट तत्कालीन संघीय समाजवादी फोरमको सांसदसमेत भएका रौनियार बाँकेको प्रहरी हिरासतमै छन्। अख्तियारले विशेष अदालतमा रौनियारविरूद्ध भ्रष्टाचार मुद्दा दायर गरेसँगै सांसदबाट निलम्बनमा परेका रौनियारको पप्पु कन्स्ट्रक्सनले गरेका कयौं काममा प्रश्न उठेको छ। बाँकेमा उनीमाथि अनुसन्धान गरिरहेको प्रहरी अधिकृतका अनुसार, अनुसन्धान लम्बिने देखिएको छ। बाँके प्रहरीका प्रवक्ता डिएसपी नारायण डाँगीले भने, 'म्याद थपेर अनुसन्धान भइरहेकाले केही भन्नसक्ने अवस्था छैन, २५ दिनसम्म अनुसन्धान हुन पनि सक्छ।'

## एडिबीको ५४ करोडमा बदमासी

**सञ्जय मिश्रा**
**रौतहट।**
कटहरियास्थित एसियाली विकास बैंकको करोडौं रुपैयाँको लगानीमा निर्माण भइरहेको ढल तथा नालामा ठेकेदार कम्पनी आश्रय निर्माण सेवाले बदमासी गरिरहेको पाइएको छ। कन्सल्टेन्ट इन्जिनियरले आरसिसी ढलान गर्न निर्देशन दिए पनि आश्रयले मनपरी पिसिसी ढलान गरीरहेको छ।
तेम्रो सानो सहरी तथा खानेपानी कार्यालय इटहरीद्वारा ५४ करोड रुपैयाँको टेन्डर आव्हान गर्दा आश्रय निर्माण सेवाले घटाघटमा ३४ करोड रुपैयाँमा टेन्डर सकार गरेको थियो। पूर्वमन्त्री प्रभु साहको पहल तथा तत्कालीन मेयर सियाराम कुशवाहाले कटहरिया नगरपालिकाबाट १५ प्रतिशत लगानी गर्ने लिखित सहमतिपछी योजना स्वीकृत भएको खानेपानी उपभोक्ता समितिका अध्यक्ष योगेन्द्र साहले बताए।
त्यत्रो ठूलो लगानीको योजना आश्रयले समयमै पूरा गर्नु पर्नेमा त्यसो नगरी मनपरी तरिकाले पेटी ठेकेदारमार्फत निर्माण गराइरहेका छन्।



एडिबीको करोडौं लगानीको काम आश्रयले आफैं नगरी साना पेटी ठेकेदारमार्फत गराइरहेकाले पूर्णरुपमा गुणस्तरहीन काम भइरहेको स्थानीय समाजसेवी दीनानाथ साहले बताए।
कटहरिया नगरपालिका-४ र ५ वडामा एकैपटक झन्डै १६ किलोमिटर लामो ढल तथा नाला निर्माणको काम सम्भवत सिङ्गो प्रदेशमै पहिलो हो। त्यतिमात्र नभइ कन्सलटेन्ट इन्जिनियरको निर्देशनविपरीत आश्रयका पेटी ठेकेदारले फलामको रड राखेर आरसिसी ढलान गर्ने दर्जन स्थानमा इँट राखेर पिसिसी ढलान गरेको पाइएको छ। ढल तथा नाला निर्माणको अन्तिम चरणमा ठेकेदार कम्पनी आश्रय निर्माण सेवाले अरु जथाभावी गरिरहेका छन्।
कटहरिया बजारको मूलबाटोमा दुवैतर्फ निर्माण गरिएको ढल तथा नालाको मुख्य प्वालको बिर्को अर्थात (मेनहोल कभर) निर्माणमा फलामको बलियो रडको जाली बनाएर प्वालमाथि राखेर त्यसमाथि फलामको बिर्को राख्नु पर्ने स्टमेट तथा ड्रोइङ रहेको कन्सल्टेन्ट इन्जिनियर धनराज साहले बताए।
फलामको जालीसहितको ढलानमा बिर्को राख्दा मूलबाटोमा ठूला गाडी आउँदा जाँदा पनि कुनै समस्या नहुने इन्जिनियर साहले जानकारी दिए।



तर आश्रयका पेटी ठेकेदारले ढलको प्वालमाथि बिर्को राख्दा फलामको जालीको सट्टा इँट राखेर ढलान गरेको पाइएको छ।
मुख्य रोड बजारमा वडा-५ का अध्यक्ष सर्गलाल गुप्ताको घर अगाडि त्यसरी इँट राखेर गरिएको ढलान माथिबाट एउटा खाली स्करपियो गाडी जाँदा ढलान भत्किएको थियो। ढलानबारे कन्सल्टेन्ट इन्जिनियर धनराज साहलाई वडा अध्यक्ष गुप्ताको रोहवरमा बोलाएर स्थानीयले सोधेपछि उनले स्टमेटमा रडको जाली बनाएर ढलान गरेपछि मात्र फलामको बिर्को राख्नुपर्ने बताए। त्यतिमात्र नभइ इन्जिनियर साहले आश्रयका इन्जिनियरलाई स्टमेटअनुसार निर्माण गर्न पटकपटक भन्दा पनि बलपूर्वक आरसिसीको सट्टा पिसिसी ढलान गरेको उनको भनाइ छ।
इन्जिनियर साहले भनेपछि वडा-४ का अध्यक्ष चन्दन कुशवाहाले खोजबिन गर्दा बजार क्षेत्रमा ११ ठाउँमा मूलबाटोमा नालाको प्वालमाथि आरसिसी ढलानको सट्टा पिसिसी ढलान भेटिएको छ। यसरी मूलबाटोमा ढल तथा नालाको प्वालमाथि गरिएको पिसिसी ढलान पूर्णरूपमा गुणस्तरहीन रहेकाले केही महिनाभित्रै सबै भत्किने भनेर वडाअध्यक्ष कुशवाहाले निर्माण काम रोकेका छन्।
यसअघि पनि आश्रय निर्माण सेवाले कटहरिया-४ र ५ मा निर्माण गरेको ढलनाला पूर्णरुपमा गुणस्तरहीन काम भएको स्थानीय प्रत्यक्षदर्शीले बताए। करोडौं लगानीको योजनाको काम हुने क्रममा निर्माण कम्पनी, कन्सल्टेन्ट र नेपाल सरकारका इन्जिनियरको रेखदेखमा हुने गर्दछ। एडिबीको करोडौंको लगानीमा कटहरियामा ढल तथा नालाको निर्माण हुँदा सरकारका इन्जिनियर अमरेन्द्र कुमार यादव भने मूकदर्शक बनेका छन्।
आश्रय निर्माण सेवाका प्रोजेक्ट मनेजर अजय गुप्ताले भुलबस आरसिसीको सट्टा भएको पिसिसी ढलान भत्काएर पुनः स्टमेटअनुसार निर्माण हुने बताए। तेम्रो साना सहरी तथा खानेपानी इटहरीका प्रमुख डिइ महेशी महतोले एडिबीको करोडौंको लगानीको निर्माणमा गुणस्तरसँग कुनै सम्झौता हुन नसक्ने बताए।


## यौन रोगहरुको पहिचान कसरी गर्न सकिन्छ ?

यौन रोगहरुको पहिचान या त लक्षणबाट हुन सक्छ या प्रयोगशाला जाँच गरेर गर्न सकिन्छ। लक्षण नदेखिएका यौन रोगहरुलाई प्रयोगशालामा जाँच गरेर मात्र पहिचान गर्न सकिन्छ।



**यौन रोगहरुको उपचार नगराएमा के हुन्छ ?**
- यौन रोगको उपचार गराईएन भने यी समस्याहरु आउन सक्छ।
- धातुरोगले महिलाहरुमा बाँझोपन हुने समस्यालाई निम्त्याउन सक्छ।
- यौन अंगको मुसाका कारणबाट पुरुषको लिङ्ग तथा महिलाहरुको पाठेघर मुखमा क्यान्सर हुन सक्छ।
- गर्भवती महिलामा धातुरोग भएको खण्डमा नवजात शिशुमा अन्धोपन आउन सक्छ।
- भिरिङ्गीका कारणले मानसिक असन्तुलन र मुटुको रोग जस्ता समस्याहरु आउन सक्छ।

**के यौन रोग संक्रमणहरुको रोकथाम गर्न सकिन्छ ?**
- यौन रोग संक्रमणहरुबाट बच्ने एकमात्र उपाय यौन सम्पर्क नराख्नु हो।
- यदि तपाईले यौन सम्पर्क राख्नुहुन्छ भने, एक विश्वासिलो ब्यक्ति बाहेक अरुसँग यौन सम्पर्क नराख्ने।
- हरेक पटकको यौन सम्पर्कमा (योनी, मुख र मलद्वार) कण्डमको सही र नियमित प्रयोग गर्नुपर्छ।
- रोगले जटिल रुप लिन वा अन्य ब्यक्तिहरुमा सर्नबाट बचाउनको लागि समयमै स्वास्थ्यकर्मीबाट उपचार गराउने।
- यौन रोग देखापरे पछि स्वास्थ्यकमीको सल्लाह बमोजिम औषधीको नियमित सेवन गर्नुपर्छ।
- यौन रोग देखापरे पछि यौन साथीको पनि पुर्णरुपमा उपचार गर्नुपर्छ।



## यसरी रोकथाम हुन्छ एचआइभी एड्स

एचआइभी प्रतिरक्षा प्रणालीमा कमी गराउने एक प्रकारको भाइरस हो। जसको संक्रमणबाट मानव शरीरमा प्रतिरोधात्मक क्षमतामा ह्रास आउने गर्छ। फलस्वरूप कुनै पनि रोग (सामान्य तथा जटिल) सजिलै लाग्ने गर्छ। जसलाई एड्स भएको भनिन्छ।

**यस्तो छ तथ्यांक**
राष्ट्रिय एड्स तथा यौनरोग विभागले सन् २०१८ मा गरेको अध्ययनअनुसार नेपालमा २१ हजार तीन सय ८८ जना एचआइभी एड्स संक्रमित रहेको पाइएको छ। त्यस्तै सन् २०१८ मै पिपुल लिभिङ विथ एचआइभीको अध्ययनअनुसार २९ हजार नौ सय ४४ जना एचआइभी संक्रमित रहेको अनुमान छ। तर, कतिपय व्यक्ति यसबारे नखुल्ने भएकाले योभन्दा धेरैमा एड्स रोगी हुन सक्ने अनुमान गरिन्छ। हालसम्म एड्सकै कारण विश्वमा लगभग तीन करोड ५० लाख मानिसको मृत्यु भइसकेको छ।

**लक्षण**
एचआइभी एड्स आफैंमा रोग होइन, तर यो समस्या हुँदा प्रतिरोधी क्षमता क्षीण हुँदै जान्छ। जसका कारण कुनै रोग लागेमा सजिलै निको हुँदैन। अधिकांश एचआइभी संक्रमित मानिसमा कुनै लक्षण नदेखिन सक्छ। अर्थात्, एड्स भए/नभएको जाँच्दा संक्रमणको कुनै संकेत देखिँदैन।
संक्रमण भएको लामो समयपछि एड्सको लक्षण देखिन सक्छ। व्यक्तिको प्रतिरोधी क्षमताअनुसार लक्षण फरक हुने गर्छ। स्वास्थ्यमा विभिन्न समस्या देखापर्दै जान्छन्। तर, उपचार गर्दा निको हुन समय लाग्छ।
बिस्तारै खान मन नलाग्ने, तौल घट्दै जाने, निद्रा नपर्ने, तथा डर लागेजस्तो हुनेजस्ता लक्षण देखिन्छन्।
अन्य कुनै संक्रमणको उपचार गर्दा पनि बारम्बार लक्षण देखिइरहन्छन्। रोगको उपचार बिस्तारै सम्भव हुन छाड्छ।

**कारण**
एचआइभी एड्सको मुख्य कारण असुरक्षित यौन सम्पर्क हो। विशेषगरी, धेरैजनासँग असुरक्षित यौन सम्बन्ध राख्ने व्यक्तिमा एचआइभी संक्रमण हुने सम्भावना बढी हुन्छ।
लागुपदार्थ प्रयोग गर्नेले जथाभावी सिरिन्ज प्रयोगमा ल्याउने गर्छन्। यसकारणसमेत एचआइभी सर्ने सम्भावना रहन्छ।
कुनै पनि माध्यमबाट संक्रमित व्यक्तिको रगतको सम्पर्कमा आउँदासमेत एचआइभी हुने गर्छ।

**यसरी थाहा पाउने**
सामान्य लक्षणका आधारमा एचआइभी संक्रमित भएको पत्ता लगाउन सकिँदैन। संक्रमित भएको थाहा पाउन रगत परीक्षण गर्नुपर्ने हुन्छ।
सिडिफोर र भाइरल लोड रगत परीक्षण गरेर एचआइभी संक्रमण भए/नभएको तथा कुन स्टेजमा रहेको पत्ता लगाउन सकिन्छ।

**रोकथाम र उपचार**
असुरक्षित यौनसम्पर्क नराख्ने तथा एचआइभी संक्रमितको रगतको सम्पर्कबाट टाढा रहनुपर्छ।
जथाभावी सुइको प्रयोग गर्नुहुँदैन। विशेषगरी, लागुपदार्थ प्रयोगकर्ता यस्ता गतिविधिबाट बच्नुपर्छ।
संक्रमित आमाबाट बच्चा जन्माउनु परे चिकित्सकको पूर्ण निगरानीमा रहनुपर्छ। सम्बन्धित विशेषज्ञसँग परामर्श लिएर गर्भवती हुँदा र जन्माउँदा एचआइभी नेगेटिभ भएको बच्चा जन्मन सक्छ।
एचआइभी संक्रमित भइसकेपछि यसको कुनै उपचार छैन। तर, औषधि सेवनबाट यसलाई नियन्त्रणमा राख्न सकिन्छ। जसअन्तर्गत एआरटी अर्थात् एन्टिरेट्रोथेरापी पर्छ।

**स्वास्थ्य कार्यालय, सिरहा**
सिरहा, मधेश प्रदेश, नेपाल

# एसइई नतिजा प्रकाशन अन्तिम तयारीमा



**रासस**
**भक्तपुर ।**
राष्ट्रिय परीक्षा बोर्डले शैक्षिक सत्र २०७९ मा सञ्चालित माध्यमिक शिक्षा परीक्षा (एसइई)को नतिजा सार्वजनिक गर्ने अन्तिम तयारी सुरु गरेको छ ।

नतिजा प्रकाशनका लागि उत्तरपुस्तिकका परीक्षण, सम्परीक्षण, रुजु गर्ने काम सकेर हाल नतिजा कम्प्युटरमा प्रविष्ट गर्ने काम भइरहेको बोर्डका अध्यक्ष डा महाश्रम शर्माले जानकारी दिए ।

'असारको तेस्रो साताभित्र नतिजा प्रकाशन गर्ने कार्यतालिका अनुसार काम भइरहेको छ', उनले भने, 'उत्तरपुस्तिका परीक्षणको काम सकिए पनि प्राविधिक काम बाँकी छ ।' हतारमा नतिजा प्रकाशित गर्दा धेरै त्रुटी हुने सम्भावना भएकाले सकेसम्म त्रुटी नहुने गरी गरी नतिजा प्रकाशन गरिने उनको भनाइ छ ।

'जटिल प्राविधिक समस्या नआए असार २१ गतेभित्र नतिजा सार्वजनिक गर्छौं', उनले भने ।

परीक्षा नियन्त्रण कार्यालय कक्षा १० का परीक्षा नियन्त्रक विष्णुनारायण श्रेष्ठले पनि परीक्षाफल असार तेस्रो साताभित्रै सार्वजनिक गर्ने गरी काम भइरहेको बताए ।

एसईई परीक्षा गत चैत १७ गतेदेखि सुरु भएको थियो । परीक्षामा देशभरका दुई हजार ३७ परीक्षाकेन्द्रमा सामुदायिक र निजी विद्यालयका गरी १२ हजार ८३ विद्यालयका चार लाख ८५ हजार तीन सय ९६ विद्यार्थी सहभागी थिए । जसमा छात्रा दुई लाख ४२ हजार सात सय १२ र छात्र दुई लाख ४२ हजार छ सय ७४ जना थिए । कक्षा ९ देखि प्राविधिक धारसमेत पठनपाठन गराउँदै आएका विद्यालयबाट १५ हजार चार सय ६१ जना परीक्षार्थी एसइईमा सहभागी भएका थिए । परीक्षा नियन्त्रणका कार्यालयले जिल्ला सदरमुकाममा केन्द्र तोकेर उत्तरपुस्तिका परीक्षण गराएको थियो ।

### नतिजा पद्धतिमा अन्योल

एसइई नतिजा प्रकाशन लेटर ग्रेडिङ निर्देशिका, २०७२ बाट गर्ने कि २०७८ अनुसार गर्ने भन्नेबारेमा अझै टुङ्गो लागेको छैन । निजी विद्यालयको छाता संस्था एन प्याब्सन भक्तपुरका अध्यक्ष सञ्जय खड्काले नतिजा प्रकाशन पुरानै लेटर ग्रेडिङ निर्देशिकाबाट गर्ने कि २०७८ को नयाँ पद्धतिबाट गर्ने विषयमा टुङ्गो नलाग्दा अन्योल भएको बताए ।

बोर्डले गतवर्ष लेटर ग्रेडिङ निर्देशिका २०७८ कार्यविधि लागू गरेपनि नतिजा भने २०७२ को पद्धति अनुसार नै गरेको थियो । 'पुरानो पाठ्यक्रमबाट एसइई दिने अन्तिम ब्याच भएकाले पुरानो निर्देशिका ( २०७२) अनुसार नै नतिजा प्रकाशन हुनुपर्ने हाम्रो माग छ', अध्यक्ष खड्काले भने, 'नयाँ निर्देशिका २०७८ अनुसार नतिजा प्रकाशित भए अनुत्तीर्ण हुने विद्यार्थीको भविष्य अन्योल बन्छ ।' आगामी वर्षको नयाँ पाठ्यक्रममा आधारित भइ प्रश्नपत्र आउने र यसले पुराना पाठ्यक्रम अध्ययन गर्ने विद्यार्थीलाई निकै मर्का पर्न उनको भनाइ छ ।

विसं २०७२ मा सैद्धान्तिक र प्रयोगात्मकको अङ्क जोडेर ३५ प्रतिशत अङ्क ल्याए पनि विद्यार्थी उत्तीर्ण हुने व्यवस्था थियो । विसं २०७२ को पद्धतिअनुसार नतिजा प्रकाशित भए ९० देखि १०० ल्याउनेलाई 'ए' प्लस, ८० देखि ९० भन्दा कम ल्याउनेलाई 'ए', ७० देखि ८० भन्दा कम ल्याउनेलाई 'बी प्लस', ६० देखि ७० भन्दा कम ल्याउनेलाई 'बी', ५० देखि ६० भन्दा कम ल्याउनेलाई 'सी प्लस', ४० देखि ५० भन्दा कम ल्याउनेलाई 'सी', ३० देखि ४० भन्दा कम ल्याउनेलाई 'डी प्लस', २० देखि ३० भन्दा कम ल्याउनेलाई 'डी' र २० भन्दा कम ल्याउनेलाई 'ई' ग्रेड प्रदान गर्ने व्यवस्था छ ।

नयाँ निर्देशिका २०७८ अनुसार सैद्धान्तिक विषयमा विद्यार्थीले अनिवार्य ३५ प्रतिशत अङ्क ल्याउनुपर्ने व्यवस्था छ । नयाँ पद्धतिअनुसार सबै विषयमा ३५ प्रतिशतभन्दा कम अङ्क ल्याउनेलाई 'नन ग्रेडेड'मा राख्ने व्यवस्था छ ।

दुई विषयसम्म नन ग्रेडिङमा परे तत्कालै ग्रेडवृद्धि परीक्षा दिन पाइने व्यवस्था छ भने त्यसभन्दा धेरै विषयमा नन ग्रेडिङमा परे अर्को वर्ष ती विषयको परीक्षा दिन पाइने व्यवस्था गरिएको छ । यसअघि दुईभन्दा धेरै विषयमा ननग्रेडिङ आए सबै विषयको परीक्षा दिनुपर्ने बाध्यता थियो ।

एसइईको नतिजा कुन पद्धतिमा गर्नेभन्ने विषयमा निर्णय गर्न राष्ट्रिय परीक्षा बोर्डको बैठक बसेको छ । बोर्डका अध्यक्ष डा. शर्माले भने, 'एसइईको नतिजा कुन पद्धतिमा हुन्छ भनेर अन्योलमा पर्नुपर्ने अवस्था छैन, यसबारेमा निर्णय लिन सोमबार बोर्ड बैठक बस्दैछ, सम्भवतः सोमबारकै बैठकले यसबारेमा निर्णय लिनेछ ।'

# सुशासन र समृद्धिका लागि शान्तिपूर्ण क्रान्ति चाहिन्छ : प्रधानमन्त्री



**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले सुशासन, न्याय र समृद्धिका शान्तिपूर्ण क्रान्तिको आवश्यकता रहेको धारणा राखेका छन् ।

चाबहिलस्थित जिपी कोइराला मेमोरियल कलेजको १२औँ वार्षिकोत्सव तथा गिरिजाप्रसाद कोइरालाको शतवार्षिकीको अवसरमा सोमबार आयोजित समारोहमा प्रधानमन्त्री प्रचण्डले मुलुकका देखिएको बेथिति, अराजकता र लोकतन्त्रमाथि देखिएको खतराको अन्त्य सामान्य सुधारबाट सम्भव नहुने भनाइ व्यक्त गरेका हुन् ।

'लोकतन्त्रमाथि खतराको घन्टी बजिरहेको समयमा लामो इतिहास भएका राजनीतिक दलप्रति जनताको भरोसा र विश्वास जगाउन आवश्यक छ । यसका लागि नेपाली कांग्रेससँग सहकार्य आवश्यक ठानेरै म यो गठबन्धनलाई बलियो बनाउन लागेको हुँ ।'

नेकपा (माओवादी केन्द्र) का अध्यक्षसमेत रहेका प्रधानमन्त्री प्रचण्डले भने, 'कांग्रेसका तत्कालीन सभापति गिरिजाप्रसाद कोइराला र मेरो कुराकानीबाट तत्कालीन विद्रोही माओवादी जनयुद्धबाट शान्तिपूर्ण सङ्घर्षमा आयो र संयुक्त जनआन्दोलनको बलमा सङ्घीय लोकतान्त्रिक गणतन्त्र स्थापित भयो । यस गणतन्त्रलाई बचाउनु हामी सबैको कर्तव्य हो । म बौद्धिक वर्गलाई पनि यही आग्रह गर्दछु ।'

उनले सामाजिक सञ्जालमा गाली गरेर नभई राष्ट्र निर्माण र लोकतन्त्रको रक्षाका लागि आत्मसमीक्षासहित समर्पित भई जनताको जीवनमा सकारात्मक परिवर्तन ल्याउन आवश्यक भएको बताउँदै यस सन्दर्भमा कोइरालाको उच्च साहस र दृढ इच्छाशक्तिबाट प्रेरणा मिल्ने बताए ।

प्रधानमन्त्री प्रचण्डले भने, 'कोइराला मेरा लागि जीवनभर प्रेरणाका स्रोत रहिरहनुहुनेछ । उनले मेरो अभिभावक हुनुहुन्थ्यो । उनलेप्रति मेरो अगाध आस्था र विश्वास रहिरहनेछ ।'

उनले राष्ट्र निर्माणका लागि शिक्षा क्षेत्र निर्णायक तत्व भएको उल्लेख गर्दै विश्वविद्यालय ऐनको तयारीका काम भइरहेको अवगत गराए ।

# अध्यक्ष नेपाल श्रीलङ्का प्रस्थान

**रासस**
**काठमाडौँ ।**
नेकपा (एकीकृत समाजवादी) का अध्यक्ष माधवकुमार नेपाल श्रीलङ्का प्रस्थान गरेका छन् । श्रीलङ्कन कम्युनिष्ट पार्टी स्थापनाको ८०औँ वर्ष पूरा भएका सन्दर्भमा त्यहा आयोजना हुने सम्मेलनमा सहभागी हुन उनी सोमबार त्यसतर्फ प्रस्थान गरेको हो ।

पूर्वप्रधानमन्त्रीसमेत रहनुभएका नेता नेपाल त्यहाँ आयोजित दक्षिण एशियाली कम्युनिष्ट पार्टी तथा वामपन्थी पार्टीहरुको बैठकमा सहभागी हुने कार्यक्रम रहेको पार्टीका पोलिटब्युरो सदस्य दिलु पन्तले जानकारी दिए ।

उनको अनुपस्थितिमा पार्टी कामको संयोजन गर्न पार्टीका उपाध्यक्ष राजेन्द्रप्रसाद पाण्डेलाई कार्यवाहक अध्यक्षको जिम्मेवारी प्रदान गरिएको पार्टीका उपमहासचिव तथा कार्यालय सचिव डा. गङ्गालाल तुलाधरले जानकारी दिए ।

# संसदीय कोषबाट सडक कालोपत्रेदेखि भवन निर्माणसम्म

**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटको स्थानीय तहमा प्रदेशसभाको संसदीय कोषबाट विकास निर्माणका कामहरु सम्पन्न भएका छन् ।

जिल्लाको चन्द्रपुर नगरपालिका र वृन्दावन नगरपालिकाका विभिन्न १३ वटा वडाहरूमा मधेस प्रदेशसभा संसदीय कोष अन्तर्गतका दर्जनौं आयोजनाहरू निर्माण सम्पन्न भएका हुन् ।

प्रदेश संसदीय कोष अन्तर्गतका आयोजनाहरूबाट विद्यालय भवन निर्माण, खेल मैदान निर्माण, स्वास्थ्य चौकी भवन निर्माण, सडक कालोपत्रेलगायतका काम सम्पन्न भएका छन् ।

रौतहट क्षेत्र नं. ४ (क) नेकपा माओवादी केन्द्रका प्रदेश सभा सदस्य युवराज भट्टराईले आर्थिक वर्ष २०७९/०८० को बजेट मार्फत विभिन्न योजनाहरूको निर्माण सम्पन्न भएको जनाएका छन् ।

आयोजना निर्माण कार्यमा सहयोग गर्नेलाई भट्टराईले धन्यवाद व्यक्त गर्दै जनताको सल्लाह, सुझाव अनुसार अगाडि बढ्ने प्रतिबद्धतासमेत व्यक्त गरेका छन् ।

# राष्ट्रियसभाबाट नेपाल विश्वविद्यालय विधेयक पारित

**रासस**
**काठमाडौँ ।**
राष्ट्रियसभाको सोमबारको बैठकले 'नेपाल विश्वविद्यालय विधेयक, २०८०' बहुमतले पारित गरेको छ ।



शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री अशोककुमार राईले राष्ट्रियसभाको सोमबारको बैठकमा उक्त विधेयक पारित गरियोस् भन्ने प्रस्ताव पेस गरेको थियो । त्यस्तै सोमबारको बैठकमा विधायन व्यवस्थापन समितिको प्रतिवेदनसहित नेपाल विश्वविद्यालय विधेयकमाथि छलफल गरियोस् भन्ने प्रस्ताव पेस भएको थियो ।

नेपाल विश्वविद्यालयका सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयकले नयाँ विश्वविद्यालय स्थापना गर्न बाटो खोल्नेछ । उच्च शिक्षा अध्ययन तथा अनुसन्धानलाई गुणस्तरीय, जीवनोपयोगी, नवप्रवर्तनकारी तथा समयसापेक्ष बनाउन आवश्यक रहेको भन्दै सरकारले गत मङ्सिरमा यो विधेयक संसद्मा दर्ता गरेको थियो ।

विधेयकमा अन्तरविधात्मक अवधारणा ( लिबरल आर्टस्) मा आधारित बहुविधागत अध्ययन, अध्यापन र अनुसन्धानमार्फत दक्ष, सिर्जनशील र प्रतिस्पर्धी मानव स्रोतको उत्पादन गर्न, नवीनतम ज्ञानको सिर्जना र नवप्रवर्तन गर्दै समुन्नत राष्ट्र निर्माणमा योगदान पुऱ्याउन मुनाफा वितरण नगर्ने गैरसरकारी क्षेत्रको सार्वजनिक विश्वविद्यालयका रुपमा नेपाल विश्वविद्यालय स्थापना गरिने उल्लेख छ ।

शिक्षामन्त्री अशोककुमार राईले सङ्घीय संरचना अनुकूल हुनेगरी विश्वविद्यालय खोल्नुपर्ने र त्यसका लागि एकीकृत शिक्षा नीति ल्याउने विषयमा सरकार सकारात्मक रहेको बताऐ । यसका लागि पर्याप्त अध्ययन हुन बाँकी रहेको उनले बताए ।

काठमाडौँ उपत्यकाभन्दा बाहिर स्थापना गरिने यो विश्वविद्यालयका लागि एक सय बिघा जग्गा तुरुन्तै प्राप्त हुनसक्ने अवस्थामा रहेको पनि उनको भनाइ छ । पाठ्यक्रम निर्माण, गुणस्तर निर्धारणका लागि छाता शिक्षा ऐन ल्याउने तयारी भइरहेको पनि शिक्षामन्त्री राईले जानकारी दिए ।

विधेयकमाथि सोमबार राष्ट्रियसभामा भएको छलफलमा सांसद खिमलाल देवकोटाले अहिले नेपालमा सञ्चालनमा रहेका विश्वविद्यालयको सङ्ख्या पर्याप्त भएकाले थप आवश्यक छ वा छैन भनेर आवश्यकता पहिचान गर्न शिक्षा नीति र उच्च शिक्षासम्बन्धी छाता ऐन ल्याउन आवश्यक रहेको बताए ।

'विश्वविद्यालय च्याउसरी उम्रिएका र भद्रगोल अवस्थामा छन् तर विद्यार्थी भने उच्च शिक्षाका विदेशिन थालेपछि क्याम्पस बन्द हुने अवस्थामा छन्', उनले भने । शिक्षा मन्त्रालय र विश्वविद्यालय अनुदान आयोगले गरेको संयुक्त अध्ययनले थप विश्वविद्यालय आवश्यक नरहेको भनेर निष्कर्ष निकालेको उनको भनाइ छ ।

# उपभोक्ताको नाम ठेकेदारको.....................

निर्माण गर्न ठेकेदारको जिम्मा लगाइको सुनेको छु। अहिलेसम्म मलाइ कुनै जानकारी छैन ।' प्रदेशसभा सदस्य मनोज कुमार सिंहका संसदीय विकास कोषका प्रतिनिधि राजकिशोर सिंहले आफ्ना सबै योजना उपभोक्तामार्फत नै गराइरहेको दाबी गरे । उनले भने, 'हामीले सबै योजनामा उपभोक्ता समिति गठन गरेका छौं । सबै काम उपभोक्ताबाटै भइरहेको छ।' उपभोक्ताले काम गराउनै नसक्ने भन्दै सिंहले घुमाउरो पारामा ठेकेदारमार्फत काम भएको स्वीकार गरे। क्षेत्र नम्बर ३ को प्रदेश '१' मा अर्थिक वर्ष २०७९/८० मा निर्वाचन विकास कोषबाट अनार्मा गाउँपालिका १, २ र ३ मा ४० लाख रुपैयाँको लागतमा खानेपानी चापाकल जडान, विष्णुपुर वडा १ र ५ मा २० लाख रुपैयाँको लागतमा खानेपानी चापाकल जडान, गोलबजार नगरपालिका देखि १२ सम्म २५ लाख रुपैयाँको लागतमा खानेपानी चापाकल, ८ नम्बर वडामा अधुरो दुर्गा मन्दिर निर्माण १० लाख रुपैयाँ र ८ मै डिहवार बाबाको प्राङ्गणमा भण्डार भवन तथा मण्डप निर्माण कार्यमा ७ लाख रुपैयाँ विनियोजन भएको छ ।त्यसैगरी, गोलबजार नगरपालिका-३ मुसहर्नियामा खानेपानी ट्याङ्की पाइपसहितको १३ लाख रुपैयाँ, १,२, ३ र ६ मा ५० लाख रुपैयाँको लागतमा सिचाइँ बोरिङ जडान, ७, ८, ९ र १० नम्बर वडामा ५० लाख रुपैयाँको लागतमा सिचाइँ बोरिङ जडान, ४, ५, ११ र १२ मा ५० लाख रुपैयाँको लागतमा सिचाइँ बोरिङ, वडा नम्बर ९ मा गोलघर निर्माण १० लाख रुपैयाँ र नरहा गाउँपालिका-१ र २ नम्बर वडामा २० लाख रुपैयाँ लागतमा सिचाइँ बोरिङ जडान कार्य गर्न बजेट विनियोजन गरिएको छ। विनियोजन गरिएका बजेट संशोधन गरी अन्य काममा पनि लगाइएको साइड इन्जिनियर ध्रुवप्रसाद साहले बताए। उनले भने, 'यो प्रस्तावित योजना हो। काम गर्ने क्रममा कतिपय योजना फेरबदल पनि भएका छन्।' असारको मध्येसम्ममा धेरै योजना निर्माणक्रममा रहेका छन्। असार २४ गतेभित्र सबै योजनाको भुक्तानी गर्ने समयसीमा तोकिएको भए पनि निर्माणका कार्य अधुरै छन्।

योजनास्थलमा सूचनापाटी नराख्नुको कारणबारे इन्जिनियर साहसँग जिज्ञासा राख्दा उनले भने, 'राख्नु पर्ने हो, मैले आफैँ पनि कामको चापले हेर्न पाएको छुइनँ। अब म उपभोक्तालाई सूचनापाटी राख्न लगाउँछु।' पूर्वाधार विकास कार्यालयका प्रमुख रामदेव खड्कालाई सम्पर्क गर्दा उनको मोबाइल अफ थियो।

त्यसैगरी, अर्का प्रदेशसभा सदस्य साहिदा खातुनको गोलबजार र धनगढीमाई नगरपालिका र नरहा गाउँपालिका १५ लाख ५० हजार रुपैयाँ स्यालो टयुबेल जडान, गोलबजार नगरक्षेत्रभर २५ लाख रुपैयाँ सिचाइँ, बोरिङ २५ लाख रुपैयाँ, सीपमूलक तालिम ९ लाख ५० हजार रुपैयाँ, सुखिपुर-६ को मुङ्गालाल ठाकुरकुटीदेखि श्रीनारायण यादवको घर हुँदै नगरसम्म बाटो आरसिसी ढलानमा ४० लाख रुपैयाँ विनियोजन गरिएको छ। ५ लाख रुपैयाँ गोलबजार-२ पासवान टोलमा सलहेश मन्दिर निर्माणमा विनियोजन भएको छ। असारमा काम भएकाले ६ इन्चका बोरिङमा असफल भइसकेका डिटिएच प्रविधिबाट जडान गरिएको छ। हतारमा जडान गर्नुपर्ने भएकाले उनीहरुले यो प्रविधि प्रयोग गरेको जानकारहरु बताउँछन्। डिटिएच प्रविधिबाट २४ घण्टामै एउटा बोरिङ जडान गर्न सकिने प्राविधिक बताउँछन्। सिरहामा यस प्रविधिबाट जडान भएका सैयौं बोरिङ फेल भएको प्राविधिकहरु नै बताउँछन् ।प्रदेशसभा सदस्य खातुनको योजना पनि उपभोक्ता समिति नामका लागि मात्र गठन गरेर ठेकेदारले गरेको स्थानीयले बताए। प्रदेशसभा सदस्य खातुनले महिलाका लागि सीममूलक तालिमका लागि छुट्याइएको ९ लाख ५० हजार रुपैयाँको काम भने गर्न नसकिएको बताए। सबै कामको जिम्मा आफ्ना प्रतिनिधि हरिनारायण यादवलाई दिइएको थियो। समय अभावका कारण केही काम बाँकी रहेको यादवले बताए।

उपभोक्ता समितिको कार्यविधिमा निर्माणस्थलमै गएर अधिकतम लाभग्राहीको उपस्थितिमा समिति गठन गर्ने व्यवस्था छ। तर, प्रदेशसभा सदस्यको योजनाका समिति घर तथा पार्टी कार्यालयमा गठन हुने गरेका छन्। यसले पनि ऐनकानुन बनाउने नै यसको खिल्ली उडाइरहेका छन्।

# दलालमार्फत नागरिकता बनाउन.....................

काम गराउन सहज छैन, त्यसको लागि बिचौलियामार्फत नै आउनुपर्छ ।

जिल्ला प्रशासन कार्यालय धनुषामा नागरिकता बनाउन सबै प्रमाण जुटेको खण्डमा पनि १० देखि १५ हजार रुपैयाँसम्म माग्ने गरेको एकजना सेवाग्राही धनुषाको बटेश्वर गाउँपालिकाको मनोहर महतोले बताए । उनले बिचौलियाहरुमार्फत कर्मचारीदेखि प्रमुख जिल्ला अधिकारीसम्म पैसा पुग्ने गरेको दाबीसमेत गरे ।

### कार्यालय परिसरको बाहिरबाट व्यापार

जिल्ला प्रशासन कार्यालयसँगै रहेको अधिकृत संगमको भवनमा सडक छेउबाट ४ वटा सटर छन् । ती सबै सटरमा फोटो स्टुडियो र फोटोकपी मेसिन राखेर व्यवसाय सञ्चालन भइरहेको छ । त्यहाँ गौरी फोटो स्टुडियोका रामभरोस मण्डल, अलिसा डिजिटल स्टुडियोका वीरेन्द्र चौधरी, एमके स्टुडियोका राजेश साह र दीपक फोटोकपीका जिवछ साहलगायत शंकर पासवान र प्रदीप महतो मिलेर नागरिकता बनाउन आउने सेवाग्राहीसँग पैसाको बार्गेनिङ गर्दै आएको स्रोतको दाबी छ ।

बिचौलियाले सेवाग्राहीसँग रकमको बार्गेनिङ गरेर संकलन गरेका कागजात जिल्ला प्रशासनका कार्यालयका सहयोगी भक्तबहादुर भुजेल र अन्य दुई बिचौलिया कपिलेश्वर महतो एवम् जितेन्द्र यादवमार्फत कर्मचारीको टेबलसम्म पुऱ्याइन्छ ।

स्रोतले भन्यो, 'आफ्नो काम आफैँ गराउन पुगेका सेवाग्राही घण्टौं लाइनमा उभिए पनि उनीहरुको काम एकदिनमा हुँदैन । तर, बिचौलियामार्फत कर्मचारीको टेबलसम्म पुगेका कागजातको काम एकछिनमै सम्पन्न हुन्छ । यस कार्यमा सुब्बाहरु सुनिल साह र ब्रम्हदेव यादव तथा उनीहरुका सहयोगी मिथिलेश ठाकुरको संलग्नता देखिएको छ ।'

ती कर्मचारीले नै नागरिकता शाखाका प्रशासकीय अधिकृत किरण कुमार मिश्र, यमन सुन्दर श्रेष्ठ र सिंहलाल स्याङ्बाको टेबलसम्म बिचौलियामार्फत आएका कागजात पुऱ्याउने गरेको स्रोतको दाबी छ । यस कार्यमा तलदेखि माथिसम्मका सबै कर्मचारीको संलग्नता रहेको बताइएको छ ।

सेवाग्राहीका अनुसार नागरिकता प्रमाणपत्र बनाउने, प्रतिलिपि निकाल्ने, राष्ट्रिय परिचयपत्र बनाउने जस्ता काममा कर्मचारीले कुनै न कुनै अड्को थाप्छन् । तर, केही पैसा दिएमा अड्को फुकाएर काम गराइदिने भन्दै बीचमै बिचौलिया आउँछन् । यता, प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले गल्ती गर्ने कर्मचारीलाई कारबाही गर्ने बताए । उनले कार्यालयमा बिचौलियाको बिगबिगी देखिए समातेर कारबाही गरिने दाबीसमेत गरे । तर, जिल्ला प्रशासन कार्यालय धनुषामा सेवाग्राहीले जति नै हैरानी व्यहोर्नु परे पनि कुनै कर्मचारीमाथि अहिलेसम्म कुनै कारबाही गरिएको देखिँदैन ।

# कार्यक्षेत्र फराकिलो बनाउन जरुरी.....................

समन्वय समितिको कार्यक्षेत्रको दायरा फराकिलो बनाउनुपर्नेमा जोड दिएका छन् ।

जिल्ला समन्वय समिति पर्साको चौथो जिल्ला सभामा सांसद यादवले समन्वय समिति पर्साको पछिल्लो कार्यकाल समग्रमा प्रभावकारी भएको बताए। सांसद यादवले जिल्ला समन्वय समिति पर्साका संयोजक निरन्जन साह सोनारले सबै स्थानीय तहसँग समन्वयकारी भूमिका निर्वाह गर्दै काम गरेकामा धन्यवाद व्यक्त गरे ।

उनले समन्वय समितिलाई अधिकार नदिएको गुनासोप्रति ध्यानाकर्षण भएको बताउँदै समितिलाई अधिकार सम्पन्न बनाउन पहल गर्ने प्रतिबद्धता व्यक्त गरे । पूर्व वन तथा वातावरण मन्त्रीसमेत रहेका यादवले अवैध रूपमा हुने उत्खनन रोक्न समन्वय समितिको भूमिका प्रभावकारी हुनुपर्नेमा जोड दिए।

सांसद यादवले उद्योगलाई वातावरणमैत्री बनाउन अनुगमनलाई तिव्रता दिन सुझाव दिए। कार्यक्रममा पर्सा क्षेत्र नम्बर ३ का सांसद राजकुमार गुप्ताले समितिले पर्साका १४ वटै पालिकासँग समन्वयकारी भूमिका खेल्नु पर्ने कुरामा जोड दिए । कार्यक्रममा वीरगंज महानगरपालिकाका नगरप्रमुख राजेशमान सिंहले जिल्लाका स्थानीय तहबीच समन्वयकारी भूमिका बनाउदै पर्सा जिल्लालाई समृद्ध र वैभव बनाउनु पर्ने कुरामा जोड दिए। उनले हाल वीरगंज महानगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाइ, वृक्षारोपण, सौन्दर्यकरणलगायतका क्षेत्रमा एक साथ काम गरिरहेको र यसमा सबैको साथ र सहयोग आवश्यक रहेको कुरामा जोड दिए। कार्यक्रम जिल्ला समन्वय समिति पर्साका संयोजक निरन्जन साह सोनारको अध्यक्षतामा भएको हो।

## ----- महत्वपूर्ण टेलिफोन नम्बरहरु -----

### धनुषा (०४१)

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

### महोत्तरी (०४४)

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

### जानकी मन्दिर (प्रत्यके दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | निःशूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ्झा : | ०७:३० बजे |

### राम मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खूल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

### रत्नसागर मन्दिर (प्रत्येक दिन)

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आजको दिन भोगबिलास गर्ने साधनहरु प्राप्त हुनेछ, धन तथा पुत्रको लाभ होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मनमा उत्साह बढ्नेछ, नसोचेको स्थानबाट लाभ हुनेछ, पुत्र तथा पत्नीको साथ सहयोग प्राप्त होला।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
अनेक प्रकारका लाभ हुनेछ, धार्मिक कार्यमा मन जानेछ, उच्च पद तथा धन प्राप्त होला ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
वैदेशिक रोजगारको अवसर आउनेछ, शत्रु पक्ष कमजोर होलान् , हरेक प्रकारका सुख प्राप्त होला।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
यात्रा गर्दा सावधानी अपनाउनु होला, कुनै मालसामान हराउन सक्छ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
लामो तथा छोटो दुरिको यात्रा गराउला, तर पनि वैदेशिक क्षेत्र भने कमजोर रहला ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन कुनै रमणीय तथा नयाँ स्थानको सुखद यात्रा होला ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
पारिवारिक जीवन तथा प्रेम सम्बन्ध राम्रो हुनेछ। कुनै पनि मनोरञ्जनमा सहभागी भईएला।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
धार्मिक यात्राको योग बनेको छ, बौद्धिक कार्यमा सफलता मिल्नेछ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
कुनै पनि रचनात्मक कार्यमा मन जानेछ, धन तथा मानमा वृद्धि गराउला।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन हर्ष उल्लासका साथ बित्नेछ, न्यायीक क्षेत्र बलवान् देखिन्छ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
प्रेमिकाको सहयोगले अधुरा काम पूरा हुनेछन् , धेरै समयपछि आत्मीयजन सँग भेट होला।

# लघुवित्तीय संस्थाहरुमा तोडफोड सहित तालाबन्दी




**मधेशदृष्टि**
**महोत्तरी।**
महोत्तरीमा लघुवित्त संस्थाहरुले ज्यादती गरेको भन्दै स्थानीयहरुको एक समुहले नगर प्रदर्शन गर्दै तालाबन्दी गरेका छन्।

महोत्तरीको गौशाला नगरपालिकामा नगर परिक्रमा गर्दै लघुवित्त संस्था विरुद्ध प्रदर्शन गर्दै किसान मजदुर संघर्ष समिति नेपालले तालाबन्दी गरेका हुन्।

सोमबार गौशाला क्षेत्रका सयौं संख्यामा प्रदर्शनकारीहरुले पाँच बुँदे माग सहित लघुवित्त पीडित महिलाहरुले करिब दुई दर्जन भन्दा बढी लघुवित्त संस्थाहरुमा तोडफोड गर्नुका साथै तालाबन्दीसमेत गरेका छन्।

नवसामन्तको रुपमा स्थापित लगुवित्तिय संस्थाहरु खारेज गर, लगुवित्तिय संस्थाहरुद्वारा लगाएको सामुहिक ऋण मिनहा गर, आम गरिब किसानहरुलाई निःशुल्क ऋण प्रदान गर, आवश्यकता र क्षमतामा आधारित काम र दामको व्यवस्था गर, समाजवादी अर्थतन्त्रको विकास गर, लघुवित्त संस्थाहरुको ज्यादती विरुद्ध एकजुट होउ भन्ने विभिन्न नारा लगाउँदै संयोजक रामबाबु महतोको नेतृत्वमा गौशाला बजारदेखि निकालेको विरोध ऱ्याली बजारको परिक्रमा गरी कोणसभामा परिणत गरेको थियो।

यता लघुवित्त संस्थाहरुमा तोडफोड र तालाबन्दी गर्ने कार्य गैरकानुनी रहेको भन्दै यस्ता गैरकानुनी कार्यमा संलग्न व्यक्तिहरुको पहिचान गरी कानुनको दायरामा ल्याई कारवाही गरिने महोत्तरीका प्रमुख जिल्ला अधिकारी दिपक कुमार पहाडीले बताए।

# नागरिकतासम्बन्धी कसुरमा उपमेयरविरुद्ध मुद्दा दर्ता





**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीको डाक्नेश्वरी नगरपालिकाकी उपमेयर मिराकुमारी यादव र उनका पति महेन्द्र कुमार यादवविरुद्ध मुद्दा दर्ता गरिएको छ।

नागरिकता सम्बन्धी कसूरमा उच्च अदालत जनकपुर राजविराज इजलासमा परमादेशपछि उपमेयर मिरा र उनका पति महेन्द्रविरुद्ध जिल्ला अदालत सप्तरीमा मुद्दा दर्ता गरिएको हो।

डाक्नेश्वरी नगरपालिकाका कृष्णकुमार यादवले उपमेयर मिरा दम्पति भारतीय नागरिक रहेको र किर्ते कागजात पेश गरी नेपाली नागरिकता लिएको आरोप लगाउँदै जिल्ला प्रहरी कार्यालयमा आवश्यक कारबाहीका लागि उजुरी दिएको सप्तरीका प्रहरी उपरीक्षक नरेन्द्रकुमार कार्कीले जानकारी दिए।

प्रहरीले मुद्दा नचलाएपछि उनी मुद्दा दर्ताको माग गर्दै उच्च अदालत जनकपुर राजविराजको इजलास समक्ष उच्च अदालतबाट परमादेशका लागि गएका थिए।

उच्च अदालतको राजविराज इजलासले मुद्दा दर्ता गर्न परमादेशको आदेश जारी गरेपछि उनीहरुविरुद्ध नागरिकता कसूरमा मुद्दा दर्ता गरिएको छ। मुद्दा दर्ता भएपश्चात् केही प्रमाण जुटाइसकेपछि पक्राउ पुर्जीको प्रक्रिया अघि बढाइने सप्तरी प्रहरी बताउँछन्।

उपमेयर मिरा र उनका पति महेन्द्र भारतको बिहार राज्य अन्तर्गत सुपौल जिल्लाको निर्मली थाना अन्तर्गत मझारी ग्रामका बासिन्दा रहेको र किर्ते कागजात पेश गरी नेपाली नागरिकता लिएको भन्दै जिल्ला प्रशासन कार्यालयमा यादवले कारवाहीको माग गरेका थिए।

उपमेयर मिरा दम्पतिमाथि सप्तरीको साविक औरही गाविस वडा नम्बर-३ (हाल डाक्नेश्वरी नगरपालिका ६) बाट झुठो विवरणको आधारमा नागरिकता प्रमाणपत्र लिएको आरोप छ।

# फरार प्रतिवादी पक्राउ



**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीमा फरार रहेको आरोपमा एक आरोपितलाई प्रहरीले पुर्पक्षका लागि पक्राउ गरेको छ। सप्तरी जिल्ला अदालतले ज्यान मुद्दामा पक्राउ गरेका एक फरार प्रतिवादीलाई पूर्पक्षका लागि पक्राउ गरी राजविराज कारागार पठाइएको हो।

गत बैशाख ३१ गते सप्तरीको रुपनी गाउँपालिकामा मृत भेटिएका शम्भुनाथ नगरपालिका वडा नम्बर २ बस्ने २१ वर्षिय मो. तफेजुलको घटनामा संलग्न रहेका जिल्लाको शम्भुनाथ नगरपालिका वडा नम्बर ७ बस्ने २० वर्षिय दिलिप साहलाई अदालतले पूर्पक्षका लागि कारागार चलान गरेको छ।

रुपनी गाउँपालिका वडा नम्बर १ रायपुरको रुपनी राजविराज सडकखण्डस्थित निर्माणाधिन कलभर्ट नजिक राजाराम यादवको खेतमा मो.तफेजुल मृत फेला परेका थिए।

प्रहरीका अनुसार घटनामा संलग्न साहलाई जेठ १७ गते पक्राउ गरेकोमा मुद्दाको सम्पूर्ण अनुसन्धान कार्य पुरा गरी असार ८ गते जिल्ला सरकारी वकीलको कार्यालय सप्तरीमार्फत अदालतमा पेश गरेको थियो। यसै मुद्दामा अदालतले असार ११ गते साहलाई पुर्पक्षको लागि कारागार चलान गरेको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ।

# हजारौँ लिटर अवैध मदिरा नष्ट



**मधेशदृष्टि**
**रौतहट।**
रौतहट स्थित प्रहरी गस्ति टोलिले एक अवैध रक्सी भट्टीमा छापामारी हजारौँ लिटर मदिरा जन्य पदार्थ नष्ट गरेको छ।

जिल्ला प्रहरी कार्यालय रौतहट र प्रहरी चौकी बंकुलको संयुक्त टोलिले आईतवार बौधिमाई नगरपालिका वडा नम्बर ८ स्थित सरमुज्वा स्थित बाँस घारीमा भित्र घरमा रहेको अवैध घरेलु मदिरा उत्पादन गर्ने भट्टीमा छापामारी गरेको थियो।

छापामारीको क्रममा घरभित्र तयारी अवस्थामा राखिएको १२ ड्राम कच्चा पदार्थ दुई हजार आठ सय ८० लिटर नष्ट गरिएको रौतहट प्रहरी उपरीक्षक वीरबहादुर बुढामगरले जनाएका छन्। यसका साथै घरेलु मदिरा बनाउन प्रयोग भएका सामग्री समेत नष्ट गरिएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ।

# चौँचा वनमा तस्करहरुको भागाभाग



**मधेशदृष्टि**
**रौतहट।**
लामो समयको अन्तरालपछि रौतहट स्थित सेक्टर वन कार्यालय चौंचाको प्रमुखको रूपमा राजेश साहले जिम्मेवारी पाएपछि काठ तस्करको भागाभाग भएको छ। पछिल्लो समय बन कर्मचारी कै मिलोमतोमा काठ तस्करी गरेर मोटाएका तस्करहरु चौंचा सेक्टर वन प्रमूखमा राजेश साह आएपछि भागाभाग भएको हो।

चारदिन अधिमात्र कार्यालय प्रमुखको जिम्मेवारी पाए संगै उनि राष्ट्रीय तथा सामुदायीक बनको सुरक्षामा अहोरात्र खटिएका छन्। अधिकृत राजेश साहको कमाण्डमा गएको गस्ती टोलीले आईतवार राति दुईवटा साईकल सहितको अवैध सालको काठ बरामद गरेको छ। ६ जना तस्करले २ वटा साइकलमा सालको २ थान काठ गोलिया चोचाको जङ्लबाट काटेर ठुलिको लिक हुदै हरिहरपुर लैजाने क्रममा सुराकिको आधारमा चोचा बनका कर्मचारीहरु बाटो छोपेर बसेको देखेपछि तस्करहरु साइकलमा रहेको काठसमेत छाडेर भागेका थिए।

बजार भाउमा करिब ६० हजार रुपैयाँ मूल्य बराबरको १५क्युफिट सालको काठ र साईकल बरामद गरी आवश्यक कार्वाहिको लागी सेक्टर वन कार्यालय चोचामा लागिएको तथा थप अनुसन्धान भइरहेको प्रमूख राजेश साहले जानकारी दिएका छन्।

# रुपनी गाउँपालिका पूर्ण खोप सुनिश्चित घोषणा



**मधेशदृष्टि**
**सप्तरी।**
सप्तरीको रुपनी गाउँपालिका पुर्ण खोप सुनिश्चित गाउँपालिका घोषणा भएको छ। जिल्लाकै दोश्रो पालिकाको रुपमा रुपनी गाउँपालिकालाई पुर्ण खोप सुनिश्चित घोषणा गरिएको हो।

उक्त अवसरमा रुपनी गाउँपालिकामा किसानहरुका लागि निशुल्क विधुत मसुल उपलब्ध गराउने घोषणा समेत गरिएको छ।

किसानले प्रयोग गर्ने कृषि मिटरको विधुत महसुल गाउँपालिकाले विधुत प्रधिकरण रुपनी शाखालाई प्रदान गरिएको गाउँपालिकाका अध्यक्ष दिनेश कुमार यादवले बताए।

गाउँपालिका अध्यक्ष दिनेश कुमार यादवले शाखा प्रमुख मनोज कुमार यादवलाई ७ लाख रुपैयाँको चेक हस्तान्तरणसमेत गरेका थिए। अध्यक्ष यादवले रुपनी गाउँपालिकाका किसानहरुले प्रयोग गर्ने कृषि मिटरको सम्पुर्ण महसुल गाउँपालिकाले भुक्तानी गर्ने बताए।

यसअघि डाक्नेश्वरी नगरपालिकालाई पुर्ण खोप सुनिश्चित पालिका घोषणा गरिएको थियो। गाउँपालिकामा पहिलो तथा स्थानीयतहरुमा रुपनी दोश्रो पुर्ण खोप पालिका सुनिश्चितता घोषित हुन सफल भएको हो।

यस कार्यक्रममा पुर्ण खोप सुनिश्चित पालिका घोषणामा योगदान गर्ने २ दर्जन भन्दाबढी स्वास्थ्यकर्मीहरुलाई प्रशंसा पत्रबाट जिल्ला समवन्य समिति सप्तरीका प्रमुख शिव नारायण साहले सम्मान गरेका थिए।

# सहकारीलाई अनुदानमा ट्र्याक्टर वितरण



**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीमा किसानलाई मध्यनजर गर्दै एक स्थानीय तहले कृषि सहकारीलाई अनुदानमा ट्र्याक्टर वितरण गरेको छ।

कृषिमा यान्त्रिकीकरणको उद्येश्य सहित बागमति नगरपालिकाले ५० प्रतिशत अनुदानमा कृषि सहकारीलाई ट्र्याक्टर हस्तान्तरण गरेको हो। आईतवार एक कार्यक्रमका विच बागमती नगरपालिकाका मेयर भरत कुमार थापाले उक्त ट्र्याक्टर बागमती नगरपालिका-२, मा रहेको रामजानकी साना किसान कृषि सहकारी संस्थालाई हस्तान्तरण गरेको हो।

स्थानीय किसानहरुलाई सुविधा पुर्याउने उध्येश्य सहित ५० प्रतिशत नगरपालिकाको अनुदान र ५० प्रतिशन संस्थाको लागत अर्थात १०/१० लाख गरी जम्मा २० लाख लागतमा एक थान ट्र्याक्टर खरिद गरिएको संस्थाकी अध्यक्ष अन्जु पौडेलले जानकारी दिईन्।

ट्र्याक्टरको प्रयोगबाट किसानहरुलाई खेतीगर्न सहज हुने अपेक्षा गरिएको उनको भनाई छ।

पछिल्ले समय खेतीबारी जोत्ने लगाएतको कामका लागि कृषि कामदार पाउनु मुस्किल प्राय बन्दै गएको छ। यस्तो अवस्थामा कृषि उपकरण बरदान सावित हुदै गएका छन्। यस्तै नगरपालिकाको ५० प्रतिशत लागतमा किसानहरुलाई ईलेक्ट्रिक स्प्रे ट्र्यांकी समेत वितरण सुरु गरिएको संस्थाले जनाएको हो। ट्र्याक्टर खरिद पछि बचेको रकमबाट किसानहरुलाई ८० थान ईलेक्ट्रिक स्प्रे ट्र्यांकी वितरण गर्न लागिएको हो।

स्प्रे ट्र्यांकीको ५० प्रतिशत लागत भने किसान स्वमयको ब्यहोर्नु पर्ने संस्थाले जनाएको छ। संस्थाको प्रांगणमा सम्पन्न कार्यक्रममा नगर उपप्रमुख लिला कुमारी मोक्तान, कृषि शाखा प्रमुख हिमाल शाही, बागमती-२, का वडाध्यक्ष टेक बहादुर बल(बाबु), वडा नम्बर १ का वडाध्यक्ष गम्भिर सिंह पाख्रिन, वडा सदस्य, संस्थाका विभिन्न समितिका पदाधिकारी, शेयर सदस्य लगाएतको सहभागिता रहेको संस्थाले जनाएको छ।

# विद्यालय गेटमा फस्दा बालकको ज्यान गयो



**मधेशदृष्टि**
**सर्लाही।**
सर्लाहीमा एक विद्यार्थीको मृत्यू भएको छ भने एक विद्यार्थी घाइते भएका छन्।

जिल्लाको हरिवनमा विद्यालयको गेटले किचेर ५ वर्षिय विद्यार्थी ज्यान गएको छ भने अर्का एक गम्भिर घाइते भएका हुन्।

सोमबार हरिवन नगरपालिका वडा नम्बर ९ स्थित नयाँरोडमा रहेको ज्ञानज्योति आवासीय इङलिस बोर्डिङ स्कुलको गेटले किचेर सोही स्कुलमा अध्यनर्त एक बालकको ज्यान गएको हो। भने, अर्का एक बालक घाईते भएका हुन्।

घटनामा बागमती नगरपालिका वडा नम्बर ४ स्थित जिरायत निवासी आकाश बलका ५ बर्षिय छोरा आयूष बलको मृत्यु भएको प्रहरीले जनाएको छ।

फलामे गेटले किचेका अर्का बालक ७ बर्षका आदित्य लोपनि गम्भिर घाइते भएका छन्।

उनको वीरगंजमा उपचार भईरहेको इलाका प्रहरी कार्यालय हरिवनका प्रहरी निरीक्षक शिवराम थापाले जनाएका छन्। विहान स्कुल बसमा विद्यालय पुगेका उनीहरु गेटबाट भित्र जाने क्रममा फलामे गेट लडेको थियो। सोही क्रममा दुवै जना थिचिएका ईलाका प्रहरी कार्यलय हरिवनले जनाएको छ।

यस घटना लगतै उनीहरुलाई उपचारको लागि नमुना अस्पताल हरिवन लगिएको थियो। ५ बर्षका आयूषको उपचारको क्रममा मृत्यु भएको छ। मृतक बालक सोही विद्यालयमा यूकेजीमा अध्ययनरत्त थिए। भने अर्का बालक आदित्य कक्षा २ मा अध्ययनरत्त छन्।

यता मृतक बालकको घटनाको विषयमा थप अनुसन्धान सुरु गरिएको प्रहरी निरीक्षक थापाले बताए।

हाम्रो जिन्दगीको मुख्य उद्देश्य अरुलाई सहयोग गर्नु हो, सहयोग गर्न सक्दैनौं भने कसैलाई आघात पनि पुऱ्याउनु हुन्न।

- दलाइ लामा

## सम्पादकीय

# विकासे बजेटमा ठेकेदारका मस्ती

मधेश प्रदेशमा विकासका नमूना हेर्न यतिखेर सबैतिर पाइन्छ । पानी पर्न थालेकाले पिच बगाउला कि, विकास गरेका ठाउँ जनताले देख्न नपाउने हुन् कि अथवा भुक्तानी लिन नपाउँदै विकास गरेको ठाउँको पिच उप्किन्छ कि भन्ने चिन्ता पनि विकासकर्ताहरुलाई परिरहेको छ । किनभने सोमबारदेखि झरी पर्न सुरु भएको छ। झरी पर्ने क्रम अरु केही दिन रहेमा बाँकी बक्यौताको विकासे काम पो रोकिने हो कि अनि चिन्ता पनि नभएको कहाँ होला र ? सरकारी कामको भुक्तानी लिने होडमा कतै कीर्ते उपभोक्ता समिति त कतै संघ र प्रदेशका सांसद आफैंले पनि विकासे काम टोलटोल, चोकचोकमा गराइरहेका छन्। बजेट फ्रिज हुने चिन्ताले माननीयहरुलाई ज्वरो आइरहेको छ। असार सकिनै लाग्दा चेक नकाटिने पो हो कि भन्ने पिरलो पनि मधेशमा यतिखेर विकासे काम देखाउनेहरुलाई परेको छ । विकासे कामको यो होडबाजीमा कतै पनि उपभोक्ता समितिले काम गर्न नपर्ने अर्को विकासे नमूना देख्न पाइएको छ। विकास जसका नाममा भइरहेको छ। उसैलाई थाहा छैन । उनका नाममा भइरहेको कीर्ते विकासमा भोलि अख्तियार दुरुपयोग अनुसन्धानले खोजबिन गर्दा जेल बस्नु पर्ने भय पनि कसैमा नदेखिनु अर्को नमूना हो।

सिरहामा यस्तै देखिएको छ। त्यहाँ बजारमै बनिरहेका विकासे कामहरुमा उपभोक्ता समिति गायव छ । उपभोक्ता समितिका अध्यक्ष पनि भनिरहेका छन्, 'म नै अध्यक्ष हुँ, तर के भइरहेको मलाइ नै थाहा छैन ।' यो भन्दा विकासमा बदमासीको नमूना अरु के हुन सक्छ ? असारको १९ गते भइरहेको विकासे काममा उपभोक्ता समिति नै गायव छ। ठेकेदारहरु हाकाहाकी भनिरहेका छन्, 'हो, काम म गरिरहेको छु, उपभोक्ता समितिकै काम हो।' वर्षमा ३ सय ६४ दिन मधेश पछि परेकामा चिन्ता गर्नेहरु ३ सय ६५ औं दिन राज्यधन लुट्न यसरी बदमासी गर्छन्। एउटाको बदमासी जोगाउन अरु पनि बदमासी गर्छन् । यसरी बदमासीको चुलीमा मधेश हिँडिरहेको छ। विकासमा नाममा भइरहेको यो सफेद भ्रष्टाचारमा सबैको मौनता देखिनु भ्रष्टाचार संरक्षण हो । भ्रष्टाचार संरक्षणमा सबैको मिलिभगत अर्थात् मधेशको परिभाषा बदलिने कहिले ?

ससाना टुक्रे बजेटमा पनि यसरी कीर्ते काम भइरहेको मधेशमा सुधार्न पर्ने कैयौं कामहरु छन्। ती कामहरुमा सुशासनको अनुहार कहिले देख्न पाइन्छ ? जनताले खोजेको विकास यस्तै हो त ? स्वयम् प्रदेश सांसदहरु पकेटका ठेकेदारलाई काम दिँदै बाटो हिँडिरहेकालाई उपभोक्ता समितिमा राखिरहेका छन्। समग्रमा भन्नुपर्दा विकासको मोडलसमेत बिगार्ने हाम्रा माननीयहरुलाई लाजशरम कहिले हुन्छ ? यस्तो विकास देखाएर कति दिन माननीय भइरहने ? पहाडी भूगोलमा जन्मिएका राष्ट्रिय स्वतन्त्र पार्टीहरुले अब मधेशमा पनि यस्तै कमजोरी खोजेर ढाड सेके भने अहिलेका माननीयहरुको राजनीतिक जीवन कसरी सकिन्छ ? के त्यसबारे राजनीतिक दलहरुले आफ्ना माननीयहरुलाई सचेत गराउने बेला भएन ? त्यसमाथि मधेशमै पनि सीके राउत र प्रभु साहका पार्टीहरु खुलेका छन् र ठूला दलका दलालीको खबरदारी गरिरहेका छन्।

# सम्झना गुरुको

कविता

सम्झना ! त्यो पलको छ।
जब आमाबाट छुट्टेको थिएँ
सम्झना ! त्यो पलको छ।
जब स्कूलमा गुरु भेटाएथिएँ
के हो सोध्दा ? खेरी आफूलाई
इरेजर मलाई पेन्सिल बताउनुभयो
चिन्न नसक्ने मलाई संसार चिनाउनुभयो
सम्झना त्यही पलको छ।
सम्झना गुरुको छ ॥

दाँत र जिब्रोको ज्ञान दिई !
जिब्रो जस्तो नरम बनाउनुभयो
लक्ष्य खोज्दा संसारभित्र !
हृदयभित्र लक्ष्य भएको बताउनुभयो
संसारको कालो गर्भाबाट !
हात दिएर उज्यालोमा ल्याउनुभयो
सम्झना छ त्यही पलको ।
सम्झना छ गुरुको ॥

अधार बनेर मेरो !
मलाई संसार रच्ने योग्य बनाउनुभयो
धर्ती र रुख जस्तो सहनशील बनाएर
हामीलाई जिवन पनि सिकाउनुभयो
प्रेरणा दिएर हामीमा संसारसागरमा
तर्न लगाउनुभयो
सम्झना छ त्यही पलको ।
सम्झना छ गुरुको ॥

ब्रहमा बनेर नयाँ जिवन दिने !
विष्णु बनेर रक्षा गर्ने !
महेश्वर बनेर हामी शिष्यको दोषलाई
सङ्घार गर्ने !
त्यो पलको सम्झना छ।
आफू त्यस्तै रहे पनि हामीलाई संसार
परिवर्तन गर्न लगाउने
त्यो पलको सम्झना छ ॥

टाढा भएपनि तपाईंबाट समस्या वा कुनै
कठिनाई भएमा तपाईंको
वुद्धिमान शब्दहरु सम्झन्छु।
हात समातेर अक्षर चिनाउने उपकारको
ऋण तिर्न हामी सक्दैनौ ॥
फूल अर्पण गर्दै तपाईंको चरणमा
आशिर्वाद पाउन सम्झना गर्दैछु
सम्झना गर्दैछु गुरुलाई ॥

रचनाकार:
दिपक भण्डारी
राजर्षिजनक विश्वविद्यालय
जनकपुरधाम
(बि.बि.ए.)

# स्थानीय तहबाट प्रस्तावित नमूना कार्यक्रम



देशका अन्य नगरपालिका र गाउँपालिकाहरुले पनि आआफ्नै आवश्यकता र क्षमताअनुसारका कार्यक्रम प्रस्ताव गरेका छन् । व्यास नगरपालिका, तनहुँले कृषि, स्वास्थ्य र पर्यटनलाई प्राथमिकतामा राखेर नगरपालिकाले आर्थिक समृद्धि हासिल गर्ने, बुधबारे हाटबजार पुनः सञ्चालनमा ल्याउने, एक वडा एक फलफूल, पुष्पखेती तथा तरकारी नर्सरी स्थापना गरिने, टाकुरा पर्यटन सञ्जाल, पर्यटन प्रवद्र्धन सूचना केन्द्र स्थापना गरिने र विषय विज्ञहरुको अनुभव, परामर्श, सल्लाहको सदुपयोग हुने गरी कार्यक्रम अघि सारेको छ ।

**नेत्र सुवेदी 'प्रयास'**

नेपालको संविधानअनुसार तोकिएको दिन अर्थात असार १० गतेभित्रै अधिकांश स्थानीय तहले आफ्नो सभासमक्ष बजेट पेश गरेका छन् । सङ्घीयता कार्यान्वयनसँगै तीन तहका सरकारहरुले आर्थिक वर्ष थालनी हुनुअघि वर्षभरि गरिने योजना र त्यसको कार्यान्वयनका लागि आवश्यक रकमको प्रबन्धसहित जनतालाई प्रदान गरिने सेवालाई नीति तथा कार्यक्रम र बजेटमार्फत प्रस्तुत गरिएका छन् । यद्यपि, केही पालिकाहरुको बजेट समयमा प्रस्तुत हुन सकेको छैनन् ।

सङ्घीयता कार्यान्वयनपछि पहिलो कार्यकालमा नीति निर्माण र आवश्यक भौतिक संरचनामा नै अधिकांश समय व्यतित भए पनि दोस्रो कार्यकालदेखि तिनको कार्यान्वयनको थालनी भएका छन् । यसले स्थानीय विकास निर्माण र जनताका जीवनयापनमा उल्लेखनीय सुधार ल्याउने लक्ष्य राखिएको छ । यस लेखमा केही पालिकाहरुले आफ्नो पालिकाभित्र वर्षभरि सम्पादन गरिने कार्यक्रम र त्यसको कार्यान्वयनका लागि बजेटको विनियोजनका उदाहरणीय योजनाहरु प्रस्तुत गरिएका छन् ।

भरतपुर महानगरपालिकाले आफ्नो वार्षिक नीति तथा कार्यक्रममा सहरी पूर्वाधार, अधुरा आयोजनालाई पूर्णता दिने, भूउपयोग तथा वस्ति विकासका कार्यक्रमको सञ्चालन गर्ने, हाम्रो सहर, हरियाली तथा स्वच्छ सहरको अवधारणाअन्तर्गत सडक किनारामा वृक्षरोपण गगर्ने भएको छ । मागमा आधारित उद्यम विकास तालिम, 'श्रमको सम्मान राष्ट्रको स्वाभिमान' भन्ने नाराका साथ पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन तथा शिक्षामा सुधारका लागि एक कक्षा एक शिक्षक, मेयरसँग विद्यार्थी, मौलिक र व्यावहारिक शुक्रबार जस्ता कार्यक्रमहरुको कार्यान्वयन गर्ने प्रस्ताव गरेको छ ।

भरतपुर भ्रमण वर्ष २०२४ मा विविध पर्यटकीय क्रियाकलापहरुः पर्यापर्यटन, सांस्कृतिक पर्यटन, धार्मिक पर्यटन, साहसिक पर्यटन, जल पर्यटन, माइस पर्यटन, कृषि पर्यटन, स्वास्थ्य पर्यटन, सहकारी पर्यटन, खेल पर्यटन, शैक्षिक पर्यटन सञ्चालन गरी दुई लाख पर्यटक भित्र्याउने लक्ष्य रहेको । भरतपुर–पोखरा–लुम्बिनी स्वर्ण त्रिकोण पर्यटन प्रवद्र्धन कार्यक्रम सञ्चालन गर्ने भएको छ । लगानी सम्मेलन आयोजना गरी लगानी आकर्षित गर्ने जनाएको छ । यसैगरी स्वस्थ आहार स्वस्थ व्यवहार, हरेक घर सम्मानित घरको अवधारणा लागू गर्ने, रोजगारी सिर्जना हुने तथा ठूला मेसिनरी औजार प्रयोग नहुने योजनाहरु मात्र उपभोक्ता समितिबाट गर्ने तथा जनसहभागिता नजुट्ने योजना बोलपत्रको माध्यमबाट कार्यान्वयन गर्ने नीति लिनुको साथै प्रविधि प्रसार कार्यक्रम सञ्चालन । खेतीयोग्य जमिनमा सिंचाईका लागि जीर्ण अवस्थामा रहेका नहर एवम् कुलो मर्मत गर्नुको साथै साना सिंचाइका लागि अनुदानको व्यवस्था गरेको छ ।

यसैगरी ललितपुर महानगरपालिकाले 'ललितपुरको समृद्धि र सुशासनको आधार, सम्पदा संस्कृतिसहितको स्मार्ट सेवा पूर्वाधार'को अवधारणा अघि सारेको छ । नगरभित्र हरियाली पार्क निर्माण, साइकल लेन, स्मार्ट सडक बत्तीको व्यवस्था, किसानहरुलाई सहुलियत कर्जाका लागि बीऊ पुँजीको व्यवस्था, विद्युतीय शवदाह गृह निर्माण र सुविधासम्पन्न दमकलको व्यवस्था गर्ने प्रतिवद्धता जनाइएको छ । यस्तै हस्तकला प्रवद्र्धन, सडक पूर्वाधार निर्माण, सम्पदा संरक्षणमा विशेष जोड, अपाङ्गमैत्री फुटपाथ निर्माण र 'एक वडा एक उद्यान, एक घर एक बोट' अभियान सञ्चालन गरी नगरको हरियाली प्रवद्र्धन तथा आयआर्जनका अवसरहरुलाई विस्तार गरिने नगरपालिकाको योजना एवं कार्यक्रम रहेको छ ।

काठमाडौँ महानगरपालिकाले महानगर गौरवका योजना १०, महानगर स्वर्णिम योजना २५ र महानगरका प्राथमिकताप्राप्त (वडाबाट प्राप्त) योजना कार्यान्वयनमा ल्याउने भएको छ । 'गरिखाने शिक्षा, महानगरको इच्छा' भन्ने नयाँ कार्यक्रमको कार्यान्वयन, 'सुलभ स्वास्थ्य सेवा, नागरिकलाई टेवा'अन्तर्गत सरल र सुलभ स्वास्थ्य सेवा सञ्चालन तथा धुलोरहित काठमाडौँअन्तर्गत सडक तथा सडक पेटी मर्मत एवं अस्फाल्ट प्लान्ट स्थापनामा जोड दिइएको छ । यस्तै पूर्वाधार एम्वुलेन्स प्रयोग, होर्डिङ्ग बोर्ड र तार व्यवस्थापन गरी शहरी सौन्दर्य कायम गर्ने, शहरी पूर्वाधार एवं शिक्षा क्षेत्रको सुधारलाई महानगरले उच्च प्राथमिकतामा राखेको छ ।

पोखरा महानगरपालिकाले प्राकृतिक सम्पदा एवं स्रोतहरुको संरक्षण र सम्बद्र्धनमा जोड दिएको छ । फेवाताल किनार लेकसाइडलाई चौबिसै घण्टा खुल्ला गर्ने अवधारणा कार्यान्वयनमा ल्याइने, सिमसार र जलाधार क्षेत्रको संरक्षण गर्ने, फिर्केखोला संरक्षण (फुटपाथ तथा साइकल लेनसहित) र 'एक घर एक बिरुवा अभियान' सञ्चालन गर्ने भएको छ । यस्तै युवासँग महानगर अभियानमार्फत सीप र प्रविधिमा लगानी प्रवद्र्धन गरिने, सामुदायिक वन समूहसँग सहकार्य गरी बाँदर व्यवस्थापन गरिने, सार्वजनिक यातायातमा जिपिएस र विद्युतीय भुक्तानी प्रणाली जडान गरिने र सार्वजनिक स्थलमा प्लास्टिकका झोला, पानीका बोतल विसर्जन गर्ने र जलाउने कार्य प्रतिबन्ध लगाउने भएको छ । वीरगञ्ज महानगरपालिकाले शिक्षा, स्वास्थ्य, सरसफाई र वातावरणलाई प्राथमिकता दिएको छ भने डिजिटल सेवा प्रवाहमा जोड दिएको छ ।

यसैगरी बुटवल उपमहानगरपालिकाले शिक्षा र स्वास्थ्यलाई प्राथमिकता, गृहिणी महिला रोजगार कार्यक्रम कार्यान्वयन, उपप्रमुख दुग्धवद्र्धक जडिबुटी वितरण कार्यक्रम र उज्यालो बुटवल कार्यक्रमलाई समावेश गरेको छ । साथै, एकल महिला, लैंगिक तथा यौनिक अल्पसङ्ख्यक व्यक्तिले रिक्सा र टेम्पोको सवारी धनी भई चालक समेत भएकामा प्रोत्साहन गर्न नवीकरण शुल्कमा २५ प्रतिशत छूटको व्यवस्था गरी सहुलियत प्रदान गरेको छ ।

इटहरी उपमहानगरपालिकाले प्रस्तुत गरेको नीति तथा कार्यक्रममा नवप्रवर्तन, अनुसन्धान तथा 'आइडिया इभेन्ट' कार्यक्रम, विद्युतीय बस सञ्चालन र चार्जिङ्ग स्टेशन निर्माण, रात्रिकालीन बजार सञ्चालन तथा सामुदायिक विद्यालयको शैक्षिक गतिविधि निगरानी गर्न सिसी क्यामेरासहितको निगरानी कक्ष स्थापना गर्ने उल्लेख छ ।

धरान उपमहानगरपालिकाको खानेपानी, पूर्वाधार विकास, पर्यटन, कृषि, शिक्षा स्वास्थ्य तथा सामाजिक विकास र विपद् व्यवस्थापन क्रमशः प्राथमिकतामा रहेको छ भने घरघरमा गमलामा अनिवार्य खुर्सानी उमार्ने नीति रहेको र सयपत्रीको फूल पनि नगपालिकाभरि लगाउन नगरवासीलाई प्रोत्साहित गरिएको छ ।

वीरेन्द्रनगर उपमहानगरपालिकाले पनि 'शैक्षिक प्रशासनिक र पर्यटकीय शहर, स्वच्छ समुन्नत वीरेन्द्रनगर' सोचबाट निर्देशित कार्यक्रमलाई प्राथमिकता दिएको छ । यसबाहेक, खानेपानीको समस्या समाधानका पहलहरु, प्रादेशिक शैक्षिक हवको रुपमा विकास, शहरी सौन्दर्यीकरण, फोहोरमैलाको वैज्ञानिक व्यवस्थापन, एक वडा एक खुल्ला क्षेत्र, छाडा पशु नियन्त्रण तथा गौशाला सञ्चालन जस्ता कार्यक्रममा जोड दिएको छ । भूमि, कृषि र पशुपालनलाई पहिलो प्राथमिकतामा राख्दै सहकारी, घरेलु उद्योग, पर्यटन प्रवद्र्धन, युवा उद्यम, महिला स्वरोजगारलगायतका कार्यक्रम सञ्चालन, विद्युतीय सुशासन विस्तार तथा विद्युतीय प्रशासनिक नियमन, बुबा–आमासँग सञ्चो–विसन्चो नामक स्वास्थ्य अभियान सञ्चालनजस्ता नयाँ कार्यक्रमहरु पनि समावेश गरिएको छ ।

यसैगरी धनगढी उपमहानगरपालिकाले विभिन्न क्षेत्रगत रुपमै लक्ष्य निर्धारण गरेको छ । उपमहानगरपालिकाले आगामी आवको नीति तथा कार्यक्रममा आर्थिक विकास पाँच प्रतिशत, सामाजिक विकास ४४.२० प्रतिशत, पूर्वाधार विकास १९ प्रतिशत, सुशासन तथा अन्तरसम्वन्धित क्षेत्र तीन प्रतिशत र कार्यालय सञ्चालन २८.८ प्रतिशतमा हुने लक्ष्य लिएको छ ।

घोराही उपमहानगरपालिकाले कृषि उत्पादन र उत्पादकत्व वृद्धि, सामुदायिक विद्यालयको भौतिक सुधार, शैक्षिक गुणस्तर वृद्धि, आधारभूत स्वास्थ्य, उद्यमशीलताको विकास, रोजगारीका अवसर सिर्जना र सडक पूर्वाधारमा नागरिक पहुँच वृद्धिजस्ता कार्यक्रमलाई बजेटमा प्राथमिकता दिएको छ । यसैगरी खाद्यान्न बालीको उत्पादन र उत्पादकत्व वृद्धि गरी निर्यातलाई प्रवद्र्धन गर्ने र तरकारीमा आत्मनिर्भरता विकास गर्ने, कृषि मोबाइल एप सञ्चालन, प्रत्येक नमुना माध्यमिक विद्यालयहरुमा स्वास्थ्यकर्मी व्यवस्थापन, लागूऔषध दुर्व्यसनीमुक्त नगर घोषणा र सिकलसेल एनिमिया रोगको नियमित जाँचका लागि मेसिन खरिदमा बजेट विनियोजन गरेको छ ।

त्यस्तै मकवानपुरको थाहा नगरपालिकाले अबको कदम लघु उद्यम तथा पाहुनालाई कोशेली, स्थानीयलाई रोजगारी जस्ता नाराका साथ आफ्नो बजेट प्रस्तुत गरेको छ । चितवनको कालिका नगरपालिकाले मह, च्याउ, केरा, कोदो, फापर र पिँडालुजस्ता स्थानीय उत्पादनलाई गुणात्मक वृद्धि गर्दै 'मेक इन कालिका' प्रतीक चिन्ह राखेर बजारीकरण गर्ने नीति लिएको छ भने सुशासनका लागि शुन्य बेरुजुको नीति अवलम्बन गर्ने तथा प्रशासकीय कार्यविधि (खर्च मापदण्ड तथा आर्थिक नियन्त्रण) ऐन, २०७९ लागू गर्ने जस्ता असल पहल समेत गरेको छ ।

त्यसैगरी रुपन्देहीको तिलोत्तमा नगरपालिकाले पेश गरेको बजेटमा मुलतः शिक्षा, स्वास्थ्य, कृषि, पूर्वाधारलाई जोड दिएको छ भने सैनामैना नगरपालिकाले कृषि क्षेत्रको प्रवद्र्धन, सामाजिक विकास, पर्यटन प्रवद्र्धन र शिक्षा क्षेत्रको विकासमा प्राथमिकता दिएको बुझिएको छ । सिरहाको लहान नगरपालिकाले 'हाम्रो लहान, सभ्य, सुन्दर र समुन्नत लहान' को नारा कार्यान्वयन गर्न शिक्षा, स्वास्थ्य र कृषिलाई प्राथमिकतामा राखेको छ । शिक्षा सुधारका २६ वुँदे कार्यक्रमअन्तर्गत सामुदायिक विद्यालयमा कक्षा तीनसम्म अङ्ग्रेजी माध्यमबाट सिकाईमा सुधार, स्थानीय पाठ्यक्रम अवलम्बन, विद्यालयमा नर्सको व्यवस्था, छात्रवाससहितको प्राविधिक विद्यालय सञ्चालन गर्नेलगायतका कार्यक्रम समावेश गरेको छ ।

कृषितर्फ कस्टम हायरिङ्ग सेन्टर स्थापना, लहानको आँपलाई ग्रेडिङ प्याकेजिङ तथा ब्राण्डिङ गरिने, कृषकलाई अनलाइन सूचिकरण गरी किसान कार्ड लागू गरिने, सिँचाइ सुविधामा जोड दिएको छ भने स्वास्थ्यतर्फ एक नगर अस्पताल निर्माण गरिने, स्वास्थ्य चौकीको स्तरोन्नति गरिने, बर्थिङ्ग सेन्टर स्थापना, निःशुल्क एम्बुलेन्स तथा शव वाहन सेवा सञ्चालन गर्ने जनाएको छ । पाँचथरको फिदिम नगरपालिकाले एक वडा एक उत्पादन र विद्यार्थीका लागि पढ्दै कमाउँदै जस्ता कार्यक्रमलाई प्राथमिकता दिँदै कृषि पशुपालन र सुशासनसँगै पर्यटन र पूर्वाधार विकासका लागि स्रोतको व्यवस्था गरेको छ ।

त्यसैगरी गुल्मीको गुल्मी दरबार गाउँपालिकाले कृषि, शिक्षा, स्वास्थ्य, रोजगार र पूर्वाधारको क्षेत्रलाई बजेटको मुख्य प्राथमिकतामा समेटेको छ । मकवानपुरको राक्सिराङ्ग गाउँपालिकाले 'सुन्दर समाज हाम्रो सार, बसाइँ सरी आउनेलाई घर' उपहार नाराका साथ गाउँपालिकामा बसाइ सरेर आउन प्रोत्साहित गरेको छ । धनकुटाको महालक्ष्मी नगरपालिकाले शिक्षा, स्वास्थ्य, खानेपानी, रोजगारी, उद्यमशीलता र विपद् व्यवस्थापनलाई मुख्य प्राथमिकतामा राखेको छ ।

अन्त्यमा, केही स्थानीय तहहरुले घोषणा गरेको केही मुख्य कार्यक्रमहरुलाई हेर्दा नागरिकलाई सेवा सुविधा प्रदान एवं जीवनस्तरमा सुधार गर्न तथा भौतिक पूर्वाधारको विकास गर्न खोजेको देखिन्छ । प्रस्तावित कार्यक्रमहरुमा मौलिकता त छँदैछ कार्यान्वयनको चुनौती पनि छ । सङ्घीय संरचनामा स्थानीय तहहरुले अघि सार्ने वार्षिक कार्यक्रमहरु र ती कार्यक्रमको इमान्दारपूर्ण कार्यान्वयन दुवैले विशेष अर्थ राख्दछन् । नजिकको सिंहदरवार पनि भनिने स्थानीय तहको कार्यसम्पादनमा नै सुशासन र समृद्धि भर पर्दछ ।

(लेखक सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव हुनुहुन्छ)

# पचास प्रतिशत अनुदानमा किसानलाई कृषियन्त्र



**रासस**
**सिन्धुली।**

कमलमाई नगरपालिकाले व्यावसायिक कृषि प्रवर्द्धन गर्ने उद्देश्यले ५० प्रतिशत अनुदानमा किसानलाई कृषियन्त्र वितरण गरेको छ। चौध वडामा रहेका किसानलाई कृषियन्त्र वितरण गरिएको हो। कृषि यान्त्रीकरण, प्रविधिको प्रयोग गरी जीविकोपार्जन मात्र नभई व्यावसायिक कृषि प्रवर्द्धन गर्ने उद्देश्यले नगरका किसानलाई कृषियन्त्र वितरण गरिएको कमलामाई नगरपालिकाकी उपमेयर मञ्जु देवकोटाले बताइन्। अहिले धान रोपाइँ गर्ने बेलामा लम्पी स्कीन रोगबाट गोरु बिरामी पर्दा किसानलाई धान रोपाइँ गर्न समस्या भएको उनको भनाइ छ। कमलामाई नगरपालिकाले वितरण गरेको मिनी ट्रेलर र पावर ट्रेलरले धान रोपाइँ गर्न सहयोग पुग्ने उनले विश्वास व्यक्त गरिन्। मिनी ट्रेलर पाएपछि अब खेती गर्न किसानलाई निकै सहज र सरल हुनुका साथै कम समयमा बढी उत्पादन लिन सक्ने र आधुनिक कृषियन्त्रको सहाराले कृषिमा ठूलो परिवर्तन आउने बताइन्। कमलामाई नगरपालिकाले किसानलाई कृषि खेती गर्ने सीपसहित प्रविधि, प्राविधिकको उपलब्धता गराउँदै आएको उनले बताइन्। उनले अनुदान पाउनका लागि निवेदन दर्ता गराएका किसानको घर(घरमा पुगेर अनुगमन गरी ५० प्रतिशत अनुदान पाउने किसान छनोट गरेर उनीहरूलाई यन्त्र उपलब्ध गराइएको बताइन्। छनोटमा परेका किसानले कृषिलाई व्यवसायीकरण गर्ने जनाएकाले आधुनिक उपकरणले सो कामलाई सहज बनाउने बताइन्। किसानको मागको आधारमा नगरपालिकाले किसानको परम्परागत खेतीलाई व्यावसायिक बनाउने गरी कार्यक्रम सञ्चालन गर्दै नगरपालिकालाई तरकारीमा आत्मनिर्भर बनाउने लक्ष्य लिएको उनको भनाई छ। कृषिको व्यावसायिकताले युवालाई विदेश पलायन हुनबाट रोकी यही स्वरोजगार बनाउने, यहाँको पैसा तरकारीका नाममा अन्यन्त्र नजाँदा यहीँका जनाता आर्थिकरुपमा सवल हुने उनले बताइन्।

कमलामाई नगरपालिकाले ५० प्रतिशत अनुदानमा ६४ जना किसानलाई मिनी ट्रेलर र चार जना किसानलाई पावर ट्रेलर वितरण गरेको कृषि शाखाका सरोज फुयालले जानकारी दिए। यस आर्थिक वर्षमा नगरपालिकाले ५० प्रतिशत अनुदानमा एक सय ७० जनालाई टनेल प्लाष्टिक, ८५ जनालाई मौरीको घर र २५ मेट्रिक टन धानको बीउ वितरण गरेको उनले जानकारी दिए। कमलामाई नगरपालिकाले एक वडा एक उत्पादन कार्यक्रमअन्तर्गत हरेक वडामा एक बालीलाई प्राथमिकता दिइएको र कृषिको व्यावसायिक खेतीका लागि हरेक वडामा समूह र सहकारीमार्फत दुई लाख रुपैयाँ प्रदान गरिएको उनको भनाइ छ। कमलामाई नगरपालिकाले एक वडा एक उत्पादन अन्तर्गत वडा नं. १, ३, ४, ६, ७, १०, ११, १२ तरकारी, वडा नं २ मा अदुवा पकेट कार्यक्रम, वडा नं ५ मा ५ अदुवा वेसार, वडा नं ८ मा भुई कटहर, वडा नं ९ मा लिचि र वडा नं १३ र १४ मा चैते धान खेतीलाई प्राथमिकता दिएको उनको भनाइ छ।

# ‘गोठमा भेटेरिनरी खेतमा कृषि प्राविधिक’



**रासस**
**चितवन।**

रत्ननगर नगरपालिकाले ‘गोठगोठमा भेटेरिनरी र खेतखेतमा कृषि प्राविधिक’ भन्ने नाराका साथ कृषिलाई प्राथमिकतामा राखेको छ। कृषि क्षेत्रको विकासका लागि प्रणालीगत सुधार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न यस्तो अभियान अघि सारिएको हो। नगर प्रमुख प्रह्लाद सापकोटाका अनुसार वस्तुको बजारीकरण, क्षमता अभिवृद्धि र अनुगमन-मूल्याङ्कन कार्यलाई आधार मानी कृषि र भेटेनरी प्राविधिकको व्यवस्था गरेर प्रत्यक्ष लाभ हुने गरी काम गर्न लागिएको हो। उनले भने, ‘कृषकले सम्पर्क गरेसँगै हामी प्राविधिक पठाउँछौँ।’ नगरपालिकामा रहेका प्राविधिकले धान्ने अवस्था नभएमा जनशक्ति थपेर पनि घरघरमा सेवा दिने उनको भनाई छ।
कृषिलाई प्रमुख प्राथमिकतामा राखेर नगरपालिकाले काम अघि बढाएको उनले बताए। कम लागतमा धेरै उत्पादन गर्न सकियोस् भन्नका लागि नगरपालिकाले विज्ञहरूसँग परामर्श गरेर कार्यक्रम अघि बढाएको उनको भनाई छ। उनले भने, ‘कृषकले अब आफ्नो परिश्रमको लागत पाउने गरी काम गर्ने वातावरण हामी बनाउँछौँ।’
नगरपालिकाले दूध उत्पादक र सहकारी संस्थाले किसानसँग खरिद गर्ने दूध र बिक्री गर्ने मूल्यमा एकरुपता कायम गर्ने उनले बताए। पशुपालनलाई प्रभावकारी बनाउन सन्तुलित पशु आहारका लागि दाना उद्योग सञ्चालन, हरियो घाँस, साइलेज प्रवर्द्धन कार्यक्रम सञ्चालन गरिने नगरपालिकाको योजना छ। व्यावसायिक किसान र न्यून आय भएका किसानको पहिचान गरी मापदण्डबमोजिमका अनुदान कार्यक्रममा सहभागिताको लागि व्यावसायिक किसानलाई ४० प्रतिशत र गरिब न्यून आय भएका किसानलाई ६० प्रतिशत सहभागिता गराईने प्रमुख सापकोटाले बताए। यसबाट साना किसानलाई संरक्षण गर्दै व्यवसायीकरणतर्फ उन्मुख गराउने लक्ष्य नगरपालिकाले राखेको छ।
नगरभित्र उत्पादित कृषि तथा पशुजन्य सामग्रीको कोशेली घर मार्फत बिक्री वितरणको व्यवस्था गरिने भएको छ। नगरपालिकाले नश्ल सुधार कार्यक्रमलाई नगरभित्र अभियानका रुपमा अघि बढाउने भएको छ। नगरपालिकाले अनुदान कार्यक्रमलाई व्यवस्थित गर्दै बीउ पुँजीको रुपमा सञ्चालन गर्ने जनाएको छ।

# मधेश प्रदेशमा नौ प्रतिशत मात्र धान रोपाइँ



**रासस**
**वीरगंज।**

अन्नको भण्डार मानिएको मधेश प्रदेशका जिल्लामा यस वर्ष समयमा धान रोपाइँ हुन सकेको छैन। असारको तेस्रो सात्ता बित्नै लाग्दा अहिलेसम्म मधेस प्रदेशमा करिब नौ दशमलव ५२ प्रतिशत खेतीयोग्य जग्गामा मात्र धान रोपाइँ हुन सकेको छ। समयमा वर्षा नहुदाँ यो प्रदेशको ९० दशमलव ४८ प्रतिशत खेत अझै बाँझो रहेको मधेस प्रदेश कृषि विकास निर्देशनालय नक्टाझिझ धनुषाका निमित्त कमलदेव कुशवाहाले जानकारी दिए। अहिलेसम्म मधेस प्रदेशमा सबैभन्दा बढी सप्तरी र सिरहामा १५/१५ प्रतिशत र सबैभन्दा कम रौतहट, धनुषा, महोत्तरीमा पाँच/पाँच प्रतिशत जग्गामा मात्र धान रोपाइँ भएको निमित्त निर्देशक कुशवाहाले बताए। लामो समयदेखि वर्षा नहुँदा वैकल्पिक सिँचाइको प्रबन्ध मिलाएरै भए पनि किसान धान रोपाइँ गरिरहेको उनको भनाइ छ।
उनका अनुसार सप्तरी र सिरहामा १५/१५ प्रतिशत, सर्लाहीमा १२ प्रतिशत, बारामा १० प्रतिशत, पर्सामा छ प्रतिशत र धनुषा र बारामा ६०/६० प्रतिशत, सिरहा र सर्लाहीमा ५५/५५ प्रतिशत, रौतटहमा ५० प्रतिशत, महोत्तरीमा ४५ प्रतिशत र पर्सामा ४२ प्रतिशत मात्र धान रोपाइँ हुन सकेको छ। पर्सामा ५४ हजार सात सय ३२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४७ हजार एक सय ३० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेको छ। त्यस्तै सप्तरीमा कुल ८१ हजार छ सय ६८ हेक्टर खेतीयोग्य जग्गामध्ये ६८ हजार हेक्टर क्षेत्रफलमा, सिरहामा कूल ७३ हजार नौ सय १४ हेक्टर खेतीयोग्य जग्गामध्ये ५४ हजार हेक्टरमा धान रोपाइँ हुने गरेको छ। त्यस्तै महोत्तरी जिल्लामा ६७ हजार तीन सय ५२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४६ हजार पाँच सय हेक्टरमा, बारामा ६२ हजार आठ सय २३ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गा रहेकोमा ४६ हजार २० हेक्टरमा, रौतहटको ५३ हजार पाँच सय २० हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गा रहेकोमा ३८ हजार एक सय हेक्टरमा धान खेती हुने गरेको मन्त्रालयले जनाएको छ। यस्तै धनुषामा ७६ हजार पाँच सय ३१ हेक्टर क्षेत्रफलको खेतीयोग्य जग्गामध्ये ५९ हजार हेक्टरमा र सर्लाहीको ८४ हजार छ सय ७८ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४६ हजार सात सय हेक्टरमा धान रोपाइँ हुन्छ। हालसम्म सप्तरीमा १० हजार दुई सय हेक्टर, सिरहामा आठ हजार एक सय हेक्टर, सर्लाहीमा पाँच हजार पाँच सय २० हेक्टर, बारामा चार हजार छ सय दुई हेक्टर, पर्सामा दुई हजार आठ सय २८ हेक्टर, रौतहटमा एक हजार ७५० हेक्टर, धनुषामा दुई हजार नौ सय र महोत्तरीमा दुई हजार तीन सय ७५ हेक्टर जग्गामा मात्र धान रोपाइँ हुन सकेको निमित्त निर्देशक कुशवाहाले जानकारी दिए। समयमा वर्षा नहुनु, ढिलो गरी धानको बेर्ना तयार भएको, ढिलाई गरी धान रोपाइँ गर्ने प्रवृत्तिलगायतका कारण अन्नको भण्डार मानिएको मधेस प्रदेशमा यस वर्ष निरासाजनक रुपमा धान रोपाइँ भएको उनले बताए। लामो समयदेखि वर्षा नभएपछि अहिले किसान पानी तान्ने मोटर तथा अन्य वैकल्पिक सिँचाइको व्यवस्था मिलाएर रोपाइँ गरिरहेका छन् भन्ने अधिकांश किसान अझै आकाशे पानीको प्रतीक्षामा छन्। एकातिर किसानले जेनतेन वैकल्पिक सिँचाइको व्यवस्था मिलाएर धान रोपाइँ गरे पनि वर्षा नहुदाँ रोपाइँ सुक्न थोलेको छ।
‘पानी तान्ने मोटर लगाएरै करिब पाँच कठ्ठा जग्गामा धान रोपाइँ गरे’, पर्साको बहुदरमाई नगरपालिका(५ का किसान नवलकिशोर साहले भने, ‘वर्षा ठयाप्पै रोकिएपछि अहिले एकातिर धान रोपाइँ गर्न पाएका छैनौँ भने अर्कोतिर रोपिएको धानसमेत सुक्न थालेको छ’, अब पनि केही दिन पानी नपरेर ठूलो खडेरीको मार खेप्नुपर्ने हुन्छ, उनको चिन्ता छ। सिँचाइबाहेक मलखाद्य र कृषि मजदुरको आभावमा पनि बर्सेनि धानखेती प्रभावित हुँदै आएका छन्। एकातिर सिँचाईको अभाव अर्कोतिर आवश्यकताअनुसार कृषि मजदुर नपाइने गरेकाले धान रोपाइँमा समस्या हुने गरेको किसानको गुनासो छ। यसरी सिँचाइ, मलखाद्य र मजदुरको आभावमा मधेस प्रदेशमा धान रोपाइँ प्रभावित हुँदा खडेरीको चिन्ता बढेको कृषि विज्ञको भनाइ छ। मधेस प्रदेशका जिल्लामा बर्सेनि भदैया, चैते र वर्षे गरी तीन किसिमका धान उत्पादन हुँदै आएको छ।

# नेप्से परिसूचकमा दोहोरो अङ्कको गिरावट

**रासस**
**काठमाडौँ।**

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक आज पनि दोहोरो अङ्कले ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक २१ दशमलव ३२ अङ्कले ओरालो लागेर दुई हजार ७५ दशमलव ९७ मा सीमित भएको छ। ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक चार दशमलव १७ अङ्कले ओरालो लागेर तीन सय ८६ दशमलव ३५ मा सीमित भएको छ। कारोबार भएका कूल १३ उपसमूहमध्ये दुई उपसमूहको शेयर मूल्यमा बृद्धि हुँदा ११ उपसमूहको शेयर मूल्यमा भने गिरावट आएको छ। कूल ९४ लाख १८ हजार नौ सय ५२ कित्ता शेयर चार अर्ब पाँच करोड १० लाख ७८ हजार तीन सय ७५ रुपैयाँमा खरिद बिक्री भएका छन्।
कारोबारका आधारमा हिमालयन लाइफ इन्स्योरेन्स शीर्ष स्थानमा रहेको छ। सो कम्पनीको २३ करोड ९४ लाख ४५ हजार सात सय ८५ रुपैयाँ बराबरको कारोबार भएको छ। यस्तै, सोल्टी होटल २० कोड ९४ लाख ३९ हजार दुई सय ८५ रुपैयाँ, नागरिक लगानी कोष २० करोड ३३ लाख २५ हजार पाँच सय ५४ रुपैयाँ, शिवम् सिमेन्ट १८ करोड १८ लाख दुई हजार रुपैयाँ, एनएलजी इन्स्योरेन्स कम्पनी १४ करोड नौ लाख ९० हजार एक सय २२ रुपैयाँ बराबरको कारोबार भई शीर्ष पाँच भित्र पर्न सफल भएका छन्। नेप्सेका अनुसार, सिवाइसीएल नेपाल लघुवित्त र बीपीडब्ल्यू लघुवित्तको शेयर मूल्यमा १० प्रतिशतले बृद्धि भई सकारात्मक सर्किट लागेको छ। सिटी होटल नौ दशमलव ९८, चन्द्रागिरी हिल्स तीन दशमलव ६८ र एनएलजी इन्स्योरेन्सका लगानकिर्ताले दुई दशमलव ८१ प्रतिशतले कमाएका छन्। त्यस्तै, लक्ष्मी इक्विटी फण्ड आठ दशमलव ९५, सामुदायिक लघुवित्त सात दशमलव १३, पाँचथर पावर कम्पनी छ दशमलव शुन्य एक, सयपत्री हाइड्रोपावर पाँच दशमलव ४१ र एनआइसी एशिया ब्यालेन्स फण्डका लगानीकर्ताले चार दशमलव ८४ प्रतिशतले गुमाएका छन्।

# कर्णाली प्रदेशमा ४५ प्रतिशत धान रोपाइँ



**रासस**
**कर्णाली।**

असारको दोस्रो सातासम्म कर्णालीमा ४५ दशमलव शून्य छ प्रतिशत धान रोपाइँ भएको छ। यहाँका हिमाली जिल्लामा उल्लेख्यमात्रामा रोपाइँ भए पनि पहाडी तथा भित्री मधेसका जिल्लामा अपेक्षाकृत रोपाइँ हुन सकेको छैन। हिमाली जिल्लामध्ये डोल्पामा सबैभन्दा बढी रोपाइँ भएको छ। छिटो तथा सिँचाइ कुलोबाट गरिने भएकाले डोल्पामा शतप्रतिशत रोपाइँ भएको छ। कूल नौ हजार तीन सय हेक्टर खेतीयोग्य जमिनमा धान रोपाइँ हुने दुई सय ७६ हेक्टरमा शतप्रतिशत रोपाइँ भएको कृषि विकास निर्देशनालय सुर्खेतका निर्देशक चित्रबहादुर रोकायले जानकारी दिए।
जुम्लामा दुई हजार नौ सय ५० हेक्टर जमिनमा धानखेती हुँदै आएकामा हालसम्म दुई हजार छ सय ५५ (९० प्रतिशत) हेक्टर जमीनमा रोपाइँ भएको निर्देशक रोकायले बताए। जुम्लामा कूल खेतीयोग्य जमिन ३९ हजार चार सय ८६ हेक्टर रहेको छ।
हुम्लाको कूल १२ हजार छ सय ५४ हेक्टर खेतीयोग्य जमिनमा एक हजार दुई सय ८४ हेक्टरमा रोपाइँ हुँदै आएकामा अहिलेसम्म आठ सय ३४ हेक्टर (६५ प्रतिशत) जमीनमा रोपाइँ भएको जनाइएको छ। मुगुको कूल १६ हजार एक सय ३५ हेक्टर जमिनमा नौ सय हेक्टर जमिनमा रोपाइँ हुनुपर्नेमा यही असार १५ गतेसम्म चार सय ७९ (५२ प्रतिशत) हेक्टर जमिनमा रोपाइँ भएको छ। कालीकोटमा कूल खेतीयोग्य ३९ हजार नौ सय २१ हेक्टर जमिन छ। तीन हजार १९ हेक्टर जमिनमा रोपाइँ हुँदै आएकामा यस वर्ष असार १७ गतेसम्म एक हजार आठ सय ११ (३६ प्रतिशत) हेक्टर जमिनमा रोपाइँ भएको छ।
त्यसैगरी जाजरकोटको कूल खेतीयोग्य २५ हजार तीन सय ८४ मध्ये धान रोपाइँ हुने तीन हजार ६५ हेक्टर जमिनमा एक हजार सात सय १६ (५६ प्रतिशत) हेक्टर जमिनमा रोपाइँ भएको छ। सल्यानमा कूल खेतीयोग्य जमिन ७९ हजार ५७ हेक्टर छ। त्यसमा सात हजार ७२ हेक्टर क्षेत्रफलमा रोपाइँ हुनुपर्नेमा असार १७ गतेसम्म तीन हजार आठ सय ८९ (५५ प्रतिशत) रोपाइँ भएको भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालयका सूचना अधिकारी रामभक्त अधिकारीले जानकारी दिए।
उनका अनुसार रुकुमपश्चिमको कूल खेतीयोग्य जमिन २३ हजार एक सय ७२ मा धान रोपाइँ हुने तीन हजार ४८ हेक्टर क्षेत्रफल जमिन छ। त्यसमा हिजोसम्म एक हजार तीन सय ११ (४३ प्रतिशत) हेक्टर जमिनमा रोपाइँ भएको छ। सुर्खेतको १५ हजार दुई ४० हेक्टर धान रोपाइँ हुने जमिनमा पाँच हजार तीन सय ३४ (३५ प्रतिशत) हेक्टर जमिनमा धान रोपाइँ भएको उनले बताए। सुर्खेतको कूल खेतीयोग्य जमिन ५५ हजार दुई सय हेक्टर रहेको छ।
कर्णाली प्रदेशको सबैभन्दा कम रोपाइँ दैलेखमा भएको निर्देशनालयले जनाएको छ। दैलेखमा असार १७ गतेसम्म मात्र २५ प्रतिशत रोपाइँ भएको छ। कूल खेतीयोग्य ४३ हजार एक सय २१ हेक्टर क्षेत्रफल भएको दैलेखमा आठ हजार पाँच सय हेक्टर जमिनमा धानखेती हुन्छ। आइतबारसम्म दुई हजार एक सय २८ हेक्टर क्षेत्रफलमा मात्र धान रोपाइँ भएको जनाइएको छ। निर्देशक रोकायका अनुसार डोल्पामा थोरै खेतीयोग्य जमिन र त्यसमा धान रोपाइँ हुने क्षेत्रफल नै कमी भएकाले शतप्रतिशत रोपाइँ भएको तर दैलेखका कतिपय ठाउँमा मूल फुटेपछि मात्र रोपाइँ हुने भएकाले कम प्रतिशत देखिएको हो। असार मसान्तसम्म सम्भवतः कर्णालीमा ६० प्रतिशत रोपाइँ हुने अनुमान गरिएको छ।

# ‘लम्पी स्किन’को प्रकोपले दूधको उत्पादन घट्यो



**रासस**
**मलेखु।**

देशभर फैलिएको ‘लम्पी स्किन’को प्रत्यक्ष असर धादिङका दुग्ध उत्पादक किसानमा परेको छ। दूध बेचेरै जीविका चलाउँदै आएका किसानका गाई भैँसीमा सो रोग देखिएसँगै दूधको उत्पादन घटेको किसानले बताएका छन्। भेटेनरी अस्पताल तथा पशु विज्ञ केन्द्रको तथ्याङ्अनुसार लम्पी स्किनको प्रकोप देखिनुअघि दैनिक एक सय १४ मेट्रिकटन दूध उत्पादन हुँदै आएकामा अहिले ३० देखि ४० प्रतिशतले उत्पादन घटेको छ। रोगका कारण दुहुना गाई र भैँसी बिरामी पर्ने र मर्ने समस्याले दूध बेचेर घरायसी खर्च चलाउँदै आएका किसानको आम्दानीको स्रोत नै बन्द भएजस्तै बनेको छ।
‘रोग फैलिनुअघि दैनिक एक लाख लिटर दूध उत्पादन हुने अनुमानित तथ्याङ्क थियो, तर अहिले थोरैमा ३० प्रतिशत र बढीमा ४० प्रतिशतसम्म दूधको उत्पादन घटेको अनुमान लगाउन सकिन्छ’, पशु विकास अधिकृत डा सन्दिप सिलवाल भन्नुहुन्छ, ‘रोगको सङ्क्रमण बढ्नेक्रम नरोकिएकाले दूधको उत्पादन अझ घट्न सक्छ।’ भेटेरिनरी अस्पतालमा सङ्कलन भएको तथ्याङ्कअनुसार हालसम्म धादिङ जिल्लामा आठ हजारभन्दा बढी गाईभैँसीमा लम्पी स्किनको सङ्क्रमण देखिएको छ। त्यसमध्ये ७० प्रतिशतभन्दा बढी सङ्क्रमण दुधालु गाई, भैँसीमा देखिएको सिलवालले जानकारी दिए। गाउँगाउँमा खटिएका प्राविधिकले पनि दूधको उत्पादनमा ५० प्रतिशतभन्दा बढीले घटेको बताएका छन्। गोरुभन्दा गाईमा नै सङ्क्रमण बढी देखिएको नीलकण्ठ नगरपालिका(८ का पशु स्वयंसेवक इशु तामाङले बताए। ‘म जहाँ पुगेको छु त्यहाँ दुधालु पशु नै धेरै मरेको पाएको छु, सङ्क्रमणको दर बराबर जस्तै भए पनि असर दुधालु पशुमा नै देखिएको छ’, तामाङ भने, ‘दूध दिइरहेका र ब्याउने बेला भएका गाईमा रोगको सङ्क्रमण देखिए पनि किसान चिन्तामा छन्।’ स्थानीय तहले समयमै जानकारी नदिँदा जिल्लाको एकीन तथ्याङ्क आउन नसकेको पशु विकास अधिकृत डा सिलवालले बताए। जिल्लामा भएका १३ वटै स्थानीय तहले भेटेरिनरी अस्पताललाई जानकारी गर्नुपर्ने भए पनि स्थानीय तहबाट तथ्याङ्क लिनै कठिन भइरहेको उनको भनाइ छ। स्थानीय तहहरुले रोग नियन्त्रणका लागि गाउँगाउँमा प्राविधिक परिचालन गरिरहेको भने पनि रोग नियन्त्रण हुन सकेको छैन। विगत तीन महिनादेखि रोग देखा परे पनि हालसम्म यसको सङ्क्रमण बढ्दो नै छ।

# मासु पसललाई व्यवस्थित गरिँदै

**रासस**
**कास्की।**

पोखरा महानगरपालिकाले मासु पसललाई व्यवस्थित गर्न सुरुआत गरेको छ। महानगरले मासु पसल सञ्चालनका लागि तोकिएको न्यूनतम मापदण्ड पूरा गरेका पसललाई एकै प्रकारका बोर्ड तथा व्यवसाय परिचयपत्र वितरण गरेको हो। महानगरको पशु सेवा शाखाले आइतबार आयोजना गरेको कार्यक्रममा महानगरप्रमुख प्रमुख धनराज आचार्यले व्यवसायीलाई परिचयपत्र प्रदान गरेका हुन्।
पशु सेवा शाखा प्रमुख नवराज अधिकारीले पशुबध तथा मासु जाँच ऐन २०५५, नियमावली २०५७ तथा महानगरको मासु जाँच निर्देशिकाअनुसारको मापदण्ड पालना गरेका ७४ पसललाई परिचपत्र र बोर्ड प्रदान गरिएको बताए।
उनका अनुसार महानगर क्षेत्रमा करिब छ सयको हाराहारीमा ठूला तथा साना मासु व्यवसायी छन्। महानगरले पसलको एकरुपताका लागि सबै पसललाई एकै आकार र बनोटको बोर्ड हस्तान्तरण गरेको छ। महानगर प्रमुख आचार्यले पोखरामा अब मापदण्डविपरीतका फ्रेस हाउस बन्द गरिने बताए।
महानगरबाट अनुमति प्राप्त गरेको पसल हो भनेर चिनाउने गरी बोर्ड प्रदान गरिएकाले मान्यता प्राप्त पसलबाट मात्र मासु खरिद गर्न उनले उपभोक्तालाई आग्रहसमेत गरे।
महानगर प्रमुख आचार्यले भने, ‘अब केही समयपछि महानगरको बोर्ड नभएको पसलमा मासु खरिद विक्री नगर्नका हामी सार्वजनिक सूचना जारी गर्नेछौँ, महानगरबाट मान्यता प्राप्त गरेको र व्यवस्थित पसलमा स्वच्छ र स्वस्थ मासु उपलब्ध गराउनुपर्दछ।’ उनले महानगरले पोखरामा व्यवस्थित र सुविधासम्पन्न पशुबधशाला स्थापनाका लागि काम अघि बढाएको जानकारी दिए।
महानगर उपप्रमुख मञ्जुदेवी गुरुङले स्वच्छ र सफा मासु खान पाउनु उपभोक्ताको अधिकार भएको बताइन्।
उनले मापदण्ड पालना नगरेका अन्य पसललाई समेत पूरा गरेर महानगरमा दर्ता भएर परिचपत्र लिन आग्रह गरिन्। पशु सेवा शाखा प्रमुख अधिकारीले मासु पसललाई बोर्ड र व्यावसायिक परिचपत्र वितरणको काम नेपालमै पहिलोपटक सुरु भएको बताए। मापदण्ड पूरा नभएका पसल केही दिनको समय दिएर बन्द गराइने उनले बताए।
उनले भने, ‘महागनरले मापदण्डविपरीतलाई बन्द गरेर पालना भएकालाई मात्र सञ्चालन गर्नेछ। बाँकी पसलसमेत केही समयपछि मापदण्ड पालनामा आउने विश्वास लिएका छौँ।’
यसैगरी महानगरले विभिन्न पाँच विधाका उत्कृष्ट कृषकलाई नगदसहित सम्मान गरेको छ।

# परिवारकै सदस्यद्वारा महिलाको हत्या गर्ने प्रयास पतिसहित ४ जनाविरुद्ध उजुरी

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा एक महिलालाई परिवारकै सदस्यले विष खुवाएर हत्या प्रयास गरेको भन्दै जिल्ला प्रहरी कार्यालयमा उजुरी परेको छ। जनकपुरधाम उपमहानगरपालिका वडा नं. ९ थापाचोकमा बेचन यादव र उनका परिवारका सदस्यले २१ वर्षीया बुहारी दुर्गा देवीको हत्या प्रयास गरेको भन्दै प्रहरीमा उजुरी परेको हो। दुर्गादेवीको माइती पक्षले छोरीको हत्या प्रयास भएको भन्दै ससुरा बेचन, सासु लक्ष्मीनिया, पति रामेश्वर र देवर सुलिविरुद्ध उजुरी दिएका हुन्। १० असारको राति २ बजेतिर दुर्गालाई पति रामबाबु र देवर सुनिल यादवले सिकिस्त अवस्थामा अस्पताल पुर्‍याएका थिए। उनले विष सेवन गरेको परिवारको दाबी छ। होसमा आएपछि दुर्गाले पत्रकार र मानव अधिकारकर्मीसमक्ष आफूलाई ससुरालेकुटपिट गरी विष खुवाएको बताएकी छन्। 'ससुराले टिकटक



किन बनाइस् भन्ने निहुँमा पिठ्युँमा मुक्काले हिर्काएर कोठामा थुनेर कुटपिट गर्नुभयो' दुर्गाले भनिन्, 'अलिअलि मात्र सम्झना छ, स्प्राइटजस्तो बोतलमा रहेको तितो तरल पदार्थ जबर्जस्ती खुवाउनुभयो। त्यसपछि के भयो थाहा भएन, होसमा आउँदा म आईसीयूमा थिएँ।' ४ वैशाख २०७९ मा विवाह गरेका दुर्गा र उनका पति रामेश्वरका ४ महिनाका छोरा छन्। बिहे भएर आएदेखि नै ससुरा बेचन र सासु लक्ष्मीनिया देवीले यातना दिँदै आएको दुर्गाको भनाइ छ। सासुले आफ्नो छोरी निर्मलालाई छोरा दिन दबाब दिएको र त्यसैका लागि हत्या प्रयास भएको उनको दाबी छ।जनकपुरधामस्थित कृष्णा नर्सिङ होममा चारदिन आईसीयूमा उपचारपछि शनिबार जनरल बेडमा सारिएकी उनको अवस्था सुधार हुँदै गएको उपचारमा संलग्न चिकित्सकहरुले बताएका छन्। चिकित्सकका अनुसार आँप पकाउन प्रयोग हुने ओपी नामक विषादी शरीरमा फैलिएर दुर्गाको स्वास्थ्य अवस्था जटिल बनेको थियो। यता धनुषाका प्रहरी प्रवक्ता प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले महिला सेलमा परेको उजुरीबारे अनुसन्धान भइरहेको बताए। उनले दुर्गालाई जबरजस्ती विष खुवाएको वा अन्याय भएको रहेछ भने दोषीमाथि कानुन बमोजिम कारबाही हुने बताए।

# आइपुग्यो डस्टी यार्डमा डस्टी कार्गो

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंजका उद्योगी व्यवसायीको लामो प्रयासपछि औद्योगिक कच्चा पदार्थ तथा कोइला, क्लिङ्करलगायत डष्टी कार्गो वीरगंजसम्म रेलमार्गबाट आउन सुरु भएको छ। शनिबार राति ३६ लाख किलो कोइला बोकेको कार्गो रेल रक्सौल हुदै वीरगंजस्थित सिर्सिया सुख्खाबन्दरगाहको डष्टी यार्डमा आइपुगेको हो। लतिका कमोडिटी सप्लाइजले भारतबाट खरीद गरेको कोइला रेल मार्ग हुदै वीरगंज आइपुगेको हो। विगतमा रेलमार्ग हुँदै आउने कोइला, क्लिङकरलगायतका औद्योगिक नेपाली भन्सारको यार्डमै कोइला आइपुगेपछि अब नेपाली व्यवसायी औद्योगिक कच्चा पदार्थ चोरी हुने समस्याबाट मुक्त भएका छन् भने वीमाको जोखिमसमेत हटेर गएको छ। शुक्रबार बिहान भारतको पश्चिम बंगालस्थित रानीगञ्जबाट हिंडेको कार्गो रेल शनिबार राति वीरगंजस्थित सुख्खा बन्दरगाह छिरेको थियो।
यसअघि रक्सौलसम्म मात्रै आइपुग्ने डस्टी कार्गो रेल नेपाल छिर्दा व्यवसायीले ठूलो राहत महसुस गरेको कोइला आयातकर्ता व्यवसायी फूलकुमार लालवानीले बताए। रक्सौलसम्म आउने रेललाई पूर्वाधार बनाएर आफ्नै बन्दरगाहसम्म ल्याउन एक वर्षदेखि थालेको पहल अहिले पूरा भएको सुख्खा बन्दरगाह पूर्वाधार निर्माणकर्ता इन्टरमोडलयातायात विकास समितिले जनाएको छ।
लामो प्रयासपछि असोजमा निर्माण सम्पन्न गरिएको डष्टी कार्गो राख्ने यार्डमा पहिलो पटक कार्गो रेल नेपाल आएर सामान अनलोड गरेको सुख्खा बन्दरगाह सञ्चालनको जिम्मा लिएको इन्टरमोडल यातायात विकास समितिका कार्यकारी निर्देशक आशिष गजुरेलले बताए। भारत तथा तेस्रो मुलुकबाट आयात गरिने औद्योगिक कच्चा पदार्थ डस्टी कार्गो आयात गर्दा विगतमा भारतीय भूमिमा पल्टी गर्ने बाध्यता रहेकामा अब यो बाध्यता हटेसँगै व्यवसायीको लागतमा पनि ठूलो राहत मिल्ने वीरगंज उद्योग वाणिज्य संघका पूर्वअध्यक्ष अशोक वैद्यले बताए।

# विद्यालय कर्मचारीको अनशन जारी



**रासस**
**काठमाडौँ ।**
सेवासुविधा वृद्धिसहित दरबन्दी कायम गर्न माग गर्दै दबाबमूलक कार्यक्रममा रहेका सामुदायिक विद्यालयका कर्मचारीले राजधानीको माइतीघरमा अनशन जारी राखेका छन्। उनीहरु विगत २२ दिनदेखि अनशनमा छन्। विद्यालय कर्मचारीले गत जेठ २८ गतेदेखि अनशन थालेका हुन्। अनशनमा झण्डै ६० विद्यालयका कर्मचारी सहभागी रहेका विद्यालय कर्मचारी परिषद्का महासचिव शान्तिनाथ योगीले जानकारी दिनुभयो। अनशनरत कर्मचारीलाई आवास र खानपिनका साथै उनीहरुको स्वास्थ्यमा समस्या देखिएको उनलेले बताऐ। शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले समिति गठन गरेर वार्तामा आउन आमन्त्रण गरेपछि यही असार ३ गतेदेखि वार्ता थालिए पनि हालसम्म कुनै सहमति हुन सकेको छैन। 'सहमति नहुँदा परिषद्ले थप आन्दोलनका कार्यक्रम ल्याउने तयारी गरेको छ', महासचिव योगीले भने। शिक्षा तथा मानव स्रोत विकास केन्द्रका महानिर्देशक चूडामणि पौडेलको नेतृत्वमा गठित वार्ता समितिमा अर्थ मन्त्रालय र सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका उपसचिवसमेत प्रतिनिधि रहेका छन्।'अर्थ मन्त्रालयले बजेट थप्ने विषयमा हालसम्म कुनै जवाफ नदिएपछि वार्ता सहमतिमा पुग्न सकेको छैन', उनलेले भने। सरकारले वार्तामा बोलाएपछि परिषद्ले विद्यालय बन्दका कार्यक्रम फिर्ता लिई अनशन भने जारी राखेको छ। परिषद् र नेपाल शिक्षक महासङ्घका पदाधिकारीले शिक्षामन्त्री अशोककुमार राईलगायत शीर्ष नेतृत्वलाई भेटेर आफ्ना माग पूरा गर्न ध्यानाकर्षण गराइसकेका छन्। यस विषयमा संसद्मा पनि आवाज उठ्दै आएको छ।विद्यालय कर्मचारीले मासिक रू आठ हजारदेखि रू १२ हजार पाँच सयसम्म पारिश्रमिक लिई काम गर्नु परेको, सर्वोच्च अदालतको २०६७ माघ २३ गतेको आदेशबमोजिम कर्मचारीको सेवा, शर्त र सुविधा उल्लेख गरी 'सर्भिस ल' बनाइ कार्यान्वयन गर्न आलटाल गरेको तथा सरकारले आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रममा आफूहरुको सुविधा बढाउने विषय उल्लेख गरे पनि आगामी आर्थिक वर्ष २०८०/८१ को बजेटमा कुनै सुनुवाइ नभएको भन्दै परिषद् आन्दोलनमा उत्रिएको हो।

# धनुषामा मल तथा कृषि औजार कारखाना निर्माण सुरु



**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषामा मल तथा कृषि औजार कारखाना निर्माण सुरु भएको छ। एग्रोटेक कम्पनी क्रप साइन्स नेपालले मिथिला नगरपालिका स्थित पुष्पलपुरमा अत्याधुनिक मल तथा कृषि औजार कारखानाको निर्माण सुरु गरेको हो। मिथिला नगरपालिकाका मेयर महेन्द्र महतोले उक्त कारखाना निर्माणका लागि शिलान्यास गरेका छन्। मेयर महतोको सहयोग र सहजीकरणले उक्त मल तथा कृषि औजार प्लान्ट निर्माण सुरु भएको क्रप साइन्स नेपालले जनाएको छ। उक्त कारखानामा अरविन्द कुमार शाह, अनिल कुमार शाह, अमित ठाकुर र सन्दीप कुमार शाह लगानी रहेको बताइएको छ।
देशको कृषि क्षेत्रलाई बलियो बनाउने दिशामा अघि बढ्ने क्रममा कारखाना निर्माण गरिएको क्रप सान्स नेपालले विज्ञप्ती जारी गरी जानकारी दिएको छ।नेपालको कृषि उद्योगमा परिवर्तन ल्याउने आफ्नो प्रतिबद्धतालाई मुर्त रुप दिनेतर्फ महत्वपूर्ण कदम अगाडी चालिलएको उसको भनाई छ। नेपालको सन्दर्भमा, मल तथा कृषि औजार कारखानाको स्थापनाले कृषि क्षेत्रको अत्यावश्यक आवश्यकतालाई सम्बोधन गर्ने क्रप साइन्सको दावी छ।
'देशका किसानहरूले लामो समयदेखि माटोको पोषक तत्वको कमी, गुणस्तरीय मलमा सीमित पहुँच र कम बाली उत्पादन जस्ता चुनौतिहरूको सामना गर्दै आएका छन्। स्थानीय रूपमा उत्पादित मलको परिचयले यस खाडललाई पूरा गर्न मद्दत गर्नेछ, किसानहरूलाई उनीहरूको बालीहरूको विशेष आवश्यकताहरू पूरा गर्न अनुकूल किफायती र प्रभावकारी मलहरूमा सजिलो पहुँच प्रदान गर्नेछ,' विज्ञप्तीमा भनिएको छ। मल तथा कृषि औजार कारखानाले एक वर्षभित्रै स्थानीय उत्पादन सञ्चालन गरेर नेपाली कृषकमा मलको पहुँच बढाउने क्रप साइन्सले लक्ष्य राखेको छ।
परम्परागत रूपमा, किसानहरूले उच्च ढुवानी लागत र सीमित उपलब्धता सहित, गुणस्तरीय मलहरूमा उनीहरूको पहुँचमा बाधा पुर्‍याउने गरी तार्किक चुनौतीहरूको सामना गरेकाले यो प्लान्टको उत्पादन क्षमताले यी अवरोधहरू कम हुने र जसले देशभरका किसानहरूलाई सहज रूपमा मल पहुँच गर्न सक्षम बनाउने विज्ञप्तीमा उल्लेख छ। धनुषामा यो कारखानाको स्थापनाले यस क्षेत्रको आर्थिक वृद्धिको प्रतिज्ञा गरेको विज्ञप्तीमा जनाइएको छ। आयोजनाले स्थानीय समुदायका लागि रोजगारीका अवसरहरू सिर्जना गर्ने, आर्थिक गतिविधिलाई प्रोत्साहन गर्ने र क्षेत्रको समग्र विकासमा योगदान पुर्‍याउने क्रप साइन्सको दावी छ।

# सनातन धर्म रक्षाका निम्ति शोभा यात्रा

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
सनातन धर्म रक्षाका निम्ति धनुषाको महेन्द्रनगरमा सोमबार शोभा यात्रा निकालिएको छ। हिन्दू धर्मावलम्बीलाई धर्मप्रति जागरुक बनाउन तथा एकताको सुत्रमा बाँध्न शोभा यात्रा निकालिएको बताइएको छ।सखुवा बजारमा रहेको हनुमान मन्दिरबाट शुरु गरिएको शोभा यात्रा महेन्द्रनगर बजार, दुर्गा मन्दिर र क्षीरेश्वरनाथ महादेव मठ हुँदै पुनः सखुवा बजारमा आएर टुङ्गिएको थियो।
हिन्दू सम्राट सेना नेपाल र नेपाल सनातन धर्म हिन्दू संरक्षण समितिको आयोजनामा शोभा यात्रा निकालिएको थियो। शोभा यात्राका सहभागीले जय श्री राम, हिन्दू राष्ट्र कायम गरजस्ता नारा लगाएका थिए। शोभा यात्रामा सहभागी हिन्दू सम्राट सेना नेपालकी महिला नेतृ लक्ष्मी कायस्थले नेपाल सनातन धर्मावलम्बीहरुको देश भएको बताइन्। सनातन धर्म विश्वको सबैभन्दा प्राचीन धर्म भएको बताउँदै उनले सनातन धर्मको रक्षा गर्नु हिन्दू धर्मावलम्बीहरुको कर्तव्य भएको जानकारी दिइन्।
सनातन धर्म हिन्दू संरक्षण समिति क्षीरेश्वरनाथ नगरपालिकाका सचिव सूर्यनारायण महतोले हिन्दू धर्मलाई समाप्त पार्ने षडयन्त्र भइरहेकाले सनातन धर्मावलम्बीलाई धर्मप्रति जागरुक बनाउन शोभा यात्राको आयोजना गरिएको बताए। विभिन्न धर्मका अनुयायीहरुले हिन्दू धर्मावलम्बीलाई विभिन्न खालको प्रलोभन तथा दबाब दिएर धर्म परिवर्तन गराइरहेको भन्दै उनले धर्म परिवर्तन रोक्न ठोस कानुन बन्नुपर्ने जानकारी दिए। सचिव महतोले नेपाललाई पुनः हिन्दूराष्ट्र कायम गर्नुपर्ने सरकारसँग माग गरे।

# समता स्कुललाई बैंकको दुई लाख

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज कारागार परिसरमा रहेको समता स्कुललाई एभरेष्ट बैंकले २ लाख रुपैयाँ आर्थिक सहयोग उपलब्ध गराएको छ। संस्थागत सामाजिक उत्तरदायित्व कार्यक्रमअन्तर्गत बैंकले समता स्कुल भवनको मर्मत सम्भार तथा रंगरोगन प्रयोजनका लागि २ लाख रुपैयाँ आर्थिक सहयोग गरेको हो।
समता स्कुलमै पुगेर एभरेष्ट बैंकका मधेश प्रदेश प्रमुख विभूति न्यौपानेले समता स्कुलकी प्रिन्सिपल अनामिका मिश्रालाई २ लाख रुपैयाँको चेक हस्तान्तरण गरे। त्यसअवसरमा न्यौपानेले कैदी बन्दी तथा विपन्न समुदायका छोराछोरीलाई अंग्रेजी माध्यमबाट शिक्षा दिइरहेको समता स्कुलको दीगो रुपमा सञ्चालनका लागि बैंकले सहयोग गर्न पाउदा आफुहरुलाई खुशी लागेको बताए। उनले भविष्यमा पनि संस्थागत तथा बैंकर्सहरुको तर्फबाट स्कुलको दीगोपनका लागि आवश्यक सहयोगलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे। समता स्कुलकी प्रिन्सिपल अनामिका मिश्राले समता स्कुल वीरगंजवासीकै सम्पत्ति भएकाले यसलाई जोगाउनु साझा दायित्व भएको बताए। चेक हस्तान्तरण समारोहमा एभरेष्ट बैंक वीरगंज शाखाकी प्रबन्धक सगुन नेपाल, अधिकृत राजेश तन्डुकारका साथै स्कुलका शिक्षिका, विद्यार्थीलगायतको उपस्थिति थियो।

# गोदावरीको लापरवाहीका कारण युवकको मृत्यु



मधेशदृष्टि
जनकपुरधाम।
जनकपुरधामस्थित गोदावरी हस्पिटलमा पित्तथैलीमा रहेको पत्थरीको उपचार गराउन आएका एक बिरामीको अस्पतालको लापरबाहीका कारण मृत्यु भएको आरोप लगाइएको छ।
पित्तथैलीमा रहेको पत्थरीको उपचारका निम्ति आइतबार अस्पताल पुगेका धनुषाको धनौजी गाउँपालिका वडा नम्बर-२ बस्ने ३० वर्षीय पप्पु राउतको मृत्यु भएको हो।
पत्थरीको उपचारको निम्ति पप्पुलाई आइतबार दिउँसो १२ बजे डाक्टर अशोक अधिकारीले सञ्चालन गरेको गोदावरी अस्पतालमा लगिएको थियो। तर, चिकित्सक कृष्णकुमार यादवको लापरबाहीका कारण सोमबार साँझ उनको मृत्यु भएपछि अवस्था तनावग्रस्त बनेको थियो।
'एक्कासी पेटमा दर्द भएपछि उनलाई उपचारका लागि सो अस्पतालमा लूयाइएको थियो। अस्पतालले उनको अवस्था नर्मल रहेको भन्दै उपचार सुरु गयी। तर, उनको दर्द झन बढ्न थालूयो, मृतकका पिता गंगा राउतले भने, 'मेरो छोरा पेट दर्दका कारण छटपटाइरहेको थियो। तर, अस्पतालले उपचारमा कुनै चासो देखाएन। एकपटक राउण्डमा आएको चिकित्सक फेरि फर्केर आएनन। हामीले पटक पटक अस्पताल प्रशासनसँग बिरामीको उपचारमा ध्यान दिन आग्रह गरिरहयौं, कसैले हाम्रो कुरा सुनेनन। अन्तोगत्वा आज मेरो छोराले ज्यान गुमाए।' बिरामीपक्षले बाहिरबाट एकजना आफ्नो परिचित स्टाफनर्सलाई बोलाएर पप्पुको अवस्थाबारे बुझ्न लगाउँदा उनको मृत्यु भइसकेको कुरा आफूहरुले जानकारी पाएको उनले बताए। उनले बिल रकम बढाउन अनावश्यक औषधि र करिब ५० वटासम्म सुई लगाउँदा आफ्नो छोराको मृत्यु भएको दाबी गरेका छन्। यता, अस्पतालका इन्चार्ज सुशील कुमार साहले सर्जन डाक्टर रुपेश वर्मा र फिजिसियन कृष्णा यादवले उनको उपचारमा कुनै कसर बाँकी नराखेको दाबी गरेका छन। सोमबार दिउँसो २ बजे उनको अपरेशनसमेत गरेर औषधि दिइएको र हेरचाहका लागि कर्मचारी पनि खटाइएको अवस्थामा बिरामीको स्वास्थ्य अवस्था झन झन बिग्रिन लागेको उनले बताए। साँझ आइसियूमा लगेर राखेपछि उनको केहीबेरमै मृत्यु भएको उनले जानकारी दिए।
बिरामीलाई अस्पततालले आफूले भ्याएसम्म उपचारमा कुनै लापरबाही नगरेको उनको दाबी छ।


## यौन रोगहरुको पहिचान कसरी गर्न सकिन्छ ?

यौन रोगहरुको पहिचान या त लक्षणबाट हुन सक्छ या प्रयोगशाला जाँच गरेर गर्न सकिन्छ। लक्षण नदेखिएका यौन रोगहरुलाई प्रयोगशालामा जाँच गरेर मात्र पहिचान गर्न सकिन्छ।



**यौन रोगहरुको उपचार नगराएमा के हुन्छ ?**
- यौन रोगको उपचार गराईएन भने यी समस्याहरु आउन सक्छ।
- धातुरोगले महिलाहरुमा बाँझोपन हुने समस्यालाई निम्त्याउन सक्छ।
- यौन अंगको मुसाका कारणबाट पुरुषको लिङ्ग तथा महिलाहरुको पाठेघर मुखमा क्यान्सर हुन सक्छ।
- गर्भवती महिलामा धातुरोग भएको खण्डमा नवजात शिशुमा अन्धोपन आउन सक्छ।
- भिरिङ्गीका कारणले मानसिक असन्तुलन र मुटुको रोग जस्ता समस्याहरु आउन सक्छ।

**के यौन रोग संक्रमणहरुको रोकथाम गर्न सकिन्छ ?**
- यौन रोग संक्रमणहरुबाट बच्ने एकमात्र उपाय यौन सम्पर्क नराख्नु हो।
- यदि तपाईले यौन सम्पर्क राख्नुहुन्छ भने, एक विश्वासिलो ब्यक्ति बाहेक अरुसँग यौन सम्पर्क नराख्ने।
- हरेक पटकको यौन सम्पर्कमा (योनी, मुख र मलद्वार) कण्डमको सही र नियमित प्रयोग गर्नुपर्छ।
- रोगले जटिल रुप लिन वा अन्य ब्यक्तिहरुमा सर्नबाट बचाउनको लागि समयमै स्वास्थ्यकर्मीबाट उपचार गराउने।
- यौन रोग देखापरे पछि स्वास्थ्यकमीको सल्लाह बमोजिम औषधीको नियमित सेवन गर्नुपर्छ।
- यौन रोग देखापरे पछि यौन साथीको पनि पुर्णरुपमा उपचार गर्नुपर्छ।

## यसरी रोकथाम हुन्छ एचआइभी एड्स

एचआइभी प्रतिरक्षा प्रणालीमा कमी गराउने एक प्रकारको भाइरस हो। जसको संक्रमणबाट मानव शरीरमा प्रतिरोधात्मक क्षमतामा ह्रास आउने गर्छ। फलस्वरूप कुनै पनि रोग (सामान्य तथा जटिल) सजिलै लाग्ने गर्छ। जसलाई एड्स भएको भनिन्छ।

**यस्तो छ तथ्यांक**
राष्ट्रिय एड्स तथा यौनरोग विभागले सन् २०१८ मा गरेको अध्ययनअनुसार नेपालमा २१ हजार तीन सय ८८ जना एचआइभी एड्स संक्रमित रहेको पाइएको छ। त्यस्तै सन् २०१८ मै पिपुल लिभिङ विथ एचआइभीको अध्ययनअनुसार २९ हजार नौ सय ४४ जना एचआइभी संक्रमित रहेको अनुमान छ। तर, कतिपय व्यक्ति यसबारे नखुल्ने भएकाले योभन्दा धेरैमा एड्स रोगी हुन सक्ने अनुमान गरिन्छ। हालसम्म एड्सकै कारण विश्वमा लगभग तीन करोड ५० लाख मानिसको मृत्यु भइसकेको छ।

**लक्षण**
एचआइभी एड्स आफैँमा रोग होइन, तर यो समस्या हुँदा प्रतिरोधी क्षमता क्षीण हुँदै जान्छ। जसका कारण कुनै रोग लागेमा सजिलै निको हुँदैन। अधिकांश एचआइभी संक्रमित मानिसमा कुनै लक्षण नदेखिन सक्छ। अर्थात्, एड्स भए/नभएको जाँच्दा संक्रमणको कुनै संकेत देखिँदैन।
संक्रमण भएको लामो समयपछि एड्सको लक्षण देखिन सक्छ। व्यक्तिको प्रतिरोधी क्षमताअनुसार लक्षण फरक हुने गर्छ। स्वास्थ्यमा विभिन्न समस्या देखापर्दै जान्छन्। तर, उपचार गर्दा निको हुन समय लाग्छ।
बिस्तारै खान मन नलाग्ने, तौल घट्दै जाने, निद्रा नपर्ने, तथा डर लागेजस्तो हुनेजस्ता लक्षण देखिन्छन्।
अन्य कुनै संक्रमणको उपचार गर्दा पनि बारम्बार लक्षण देखिइरहन्छन्। रोगको उपचार बिस्तारै सम्भव हुन छाड्छ।

**कारण**
एचआइभी एड्सको मुख्य कारण असुरक्षित यौन सम्पर्क हो। विशेषगरी, धेरैजनासँग असुरक्षित यौन सम्बन्ध राख्ने व्यक्तिमा एचआइभी संक्रमण हुने सम्भावना बढी हुन्छ।
लागुपदार्थ प्रयोग गर्नेले जथाभावी सिरिन्ज प्रयोगमा ल्याउने गर्छन्। यसकारणसमेत एचआइभी सर्ने सम्भावना रहन्छ।
कुनै पनि माध्यमबाट संक्रमित व्यक्तिको रगतको सम्पर्कमा आउँदासमेत एचआइभी हुने गर्छ।

**यसरी थाहा पाउने**
सामान्य लक्षणका आधारमा एचआइभी संक्रमित भएको पत्ता लगाउन सकिँदैन। संक्रमित भएको थाहा पाउन रगत परीक्षण गर्नुपर्ने हुन्छ।
सिडिफोर र भाइरल लोड रगत परीक्षण गरेर एचआइभी संक्रमण भए/नभएको तथा कुन स्टेजमा रहेको पत्ता लगाउन सकिन्छ।

**रोकथाम र उपचार**
असुरक्षित यौनसम्पर्क नराख्ने तथा एचआइभी संक्रमितको रगतको सम्पर्कबाट टाढा रहनुपर्छ।
जथाभावी सुइको प्रयोग गर्नुहुँदैन। विशेषगरी, लागुपदार्थ प्रयोगकर्ता यस्ता गतिविधिबाट बच्नुपर्छ।
संक्रमित आमाबाट बच्चा जन्माउनु परे चिकित्सकको पूर्ण निगरानीमा रहनुपर्छ। सम्बन्धित विशेषज्ञसँग परामर्श लिएर गर्भवती हुँदा र जन्माउँदा एचआइभी नेगेटिभ भएको बच्चा जन्मन सक्छ।
एचआइभी संक्रमित भइसकेपछि यसको कुनै उपचार छैन। तर, औषधि सेवनबाट यसलाई नियन्त्रणमा राख्न सकिन्छ। जसअन्तर्गत एआरटी अर्थात् एन्टिरेट्रोथेरापी पर्छ।

स्वास्थ्य कार्यालय, महोत्तरी
जलेश्वर, मधेश प्रदेश, नेपाल

# सुडानी शिविरमा दादुराले १३ बालबालिकाको मृत्यु



**एएनआई**
**सुडान।**
सुडानको ह्वाइट नाइल राज्यको आन्तरिक विस्थापन शिविरमा दादुराको प्रकोप फैलिँदा हालैका हप्ताहरूमा कम्तीमा १३ बालबालिकाको मृत्यु भएको एक स्वास्थ्यसम्बन्धी अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाले आइतबार जानकारी गराएको छ।
'डाक्टर्स विदाउट बोर्डर्स' अर्थात् 'मेडिसिन्स सान्स फन्टियर्स ( एमएसएफ)' को सुडानी शाखाद्वारा जारी एक विज्ञप्तिमा भनिएको छ, "स्थिति गम्भीर छ। शङ्कास्पद दादुरा र बालबालिकामा कुपोषण सबैभन्दा अत्यावश्यक स्वास्थ्य समस्या हो। एमएसएफको ट्वीटमार्फत् सम्प्रेषित विज्ञप्तिमा भनिएको छ, 'सुडानको ह्वाइट नाइल राज्यमा द्वन्द्वबाट भाग्ने मानिसहरूको सङ्ख्या बढ्दो छ। नौवटा शिविरमा मुख्यतया महिला र बालबालिका गरी लाखौँको सङ्ख्यामा मानिसहरू बसिरहेका छन्।' गैरसरकारी संस्थाले गत जुन ६ देखि २७ सम्म ह्वाइट नाइल शिविरमा दादुराका शङ्कास्पद २२३ बालबालिकाको उपचार गरेको थियो भने १३ जनाको मृत्यु भएको छ। एमएसएफले सहयोग गर्ने दुईवटा क्लिनिकबाट ७२ जनालाई उपचार गरिरहेको छ।
विज्ञप्तिमा भनिएको छ, 'हामीले हरेक दिन दादुराको शङ्कास्पद बिरामी बालबालिकालाई ल्याइरहेका छौं। गैरसरकारी संस्थाका अनुसार जुन महिनामा यी दुई क्लिनिकमा कूल तीन हजार १४५ जना बिरामी आएका छन्। उनले भने 'जति धेरै मानिस आउँछन्, सहयोग, खोप, पोषण सहायता, आवास, पानी र सरसफाइजस्ता सेवा तत्काल बढाउन आवश्यक छ। वर्षायाम नजिकिँदै छ र हामी यस क्षेत्रमा पानीजन्य रोग र औलोको प्रकोप बढ्दै गएकोमा चिन्तित छौं।'
गत अप्रिल १५ मा सुडानी सशस्त्र बल (एसएएफ) र अर्धसैनिक च्यापिड सपोर्ट फोर्सेज (आरएसएफ) बीच युद्ध सुरु भएयता सुडानी शरणार्थीको सङ्ख्यामा तीव्र वृद्धि भएको छ। संयुक्त राष्ट्रसङ्घीय आप्रवासन निकाय (आइओएम) को तथ्याङ्कअनुसार करिब २८ लाख मानिस पलायन भएका छन्।

# प्यालेस्टिनी जेनिन शिविरमा इजरेलको आक्रमण



**बीबीसी।**
इजरेली सेनाले अधीनस्थ उत्तरी वेस्ट ब्याङ्कको जेनिन शिविरमा ठूलो सैन्य कारबाही सुरु गरेको छ। विभिन्न हवाई आक्रमणसँगै उक्त कारबाही सुरु भएको हो। सामाजिक सञ्जालमा सार्वजनिक भिडिओहरूमा त्यहाँका आवासीय भवनहरूबाट धुवाँको मुस्लो निस्किएको देखिएको छ। प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयका अनुसार एउटा इजरेली विमानले गरेको हवाई आक्रमणमा परी कम्तीमा चार जना सर्वसाधारणको मृत्यु भएको छ भने अन्य धेरै मानिस गम्भीर घाइते भएका छन्।
इजरेल डिफेन्स फोर्स (आईडीएफ)ले जारी गरेको विज्ञप्तिमा उनीहरूले 'जेनिन क्षेत्रमा आतङ्कवादीहरुसँग सम्बन्धित पूर्वाधार' मा आक्रमण गरिरहेको जनाइएको छ।
'आतङ्कवादीहरूले जेनिन शिविरलाई लुक्ने स्थानको रूपमा प्रयोग गरेर आम नागरिकहरूलाई नोक्सानी पुऱ्याइरहँदा हामी चुप रहने छैनौँ,' आईडीएफले भन्यो। त्यो शिविरलाई उसले 'आतङ्कवादीको गढ'को संज्ञा दिएको छ। प्यालेस्टिनी फताह, हमास र इस्लामिक जिहाद समूहका सशस्त्र व्यक्तिहरू समावेश रहेका सैन्य टुकुडी जेनिनले भन्योः 'हामी उक्त क्षेत्र कब्जा गर्ने बलहरू विरुद्ध अन्तिम सास र गोली रहेसम्म लड्नेछौँ। हामी सबै समूहहरू र सैन्य संरचनाहरूबाट एकजुट भएर काम गर्नेछौं।'
दर्जनौं सशस्त्र, नकाब लगाएका प्यालेस्टिनीहरू उक्त शिविरका गल्लीहरूमा तैनाथ गरिएका थिए। शिविरका एक जना बासिन्दा अहमद जाकीले भने, 'धेरै वटा सडक हुँदै इजरेली सेनाका गाडीहरूको लस्कर शिविरको बाहिरी भागमा प्रवेश गरेको थियो।'
युद्ध अन्त्यबारे निराश युवा पिँढी
गत महिना जेनिन शिविरमा छापा मार्ने क्रममा इजरेली सेनाले कम्तीमा छ जना प्यालेस्टिनीहरूको हत्या गरेको थियो। पछिल्ला केही वर्षयता वेस्ट ब्याङ्कमा भएको आक्रमणमा पहिलो पटक हेलिकप्टर प्रयोग गरिएको थियो। त्यतिबेला प्यालेस्टिनी बन्दुकधारीहरूसँगको झडपमा सात इजरेली सैनिक मारिएका थिए भने सीमा प्रहरी अधिकारी घाइते भएका थिए।
पूर्वी जेरूसलेम, गाजा र वेस्ट ब्याङ्कमा बस्दै आएका प्यालेस्टिनी र इजरेलबीच पटक पटक तनाव भइरहन्छ।
यसअघि गत एप्रिलमा अधीनस्थ पूर्वी जेरूसलेमस्थित अल-अक्सा मस्जिदमा हिंसा भएको थियो। प्यालेस्टिनी युवाहरूको एउटा समूहलाई मस्जिदभित्रै धर्ना बस्न नदिन इजरेली प्रहरीहरू त्यहाँभित्र पसेका थिए। इजरेलको उक्त कदमले वेस्ट ब्याङ्क, गाजा र बाँकी मुस्लिम समुदायलाई क्रुद्ध बनाएको थियो। इजरेली-प्यालेस्टिनी द्वन्द्व अन्त्यका लागि हाल 'दुई राज्य समाधान' नीतिलाई अगाडि सार्दै आइएको छ। यद्यपि यसबारे सर्वसाधारण सकारात्मक देखिँदैनन्। साझा गरिएका तथ्याङ्क अनुसार प्यालेस्टिनी युवाहरूले यस नीतिलाई अस्वीकार गर्ने क्रम बढ्दो छ। 'वास्तविक स्थिति नै नहेरी पश्चिमाले ल्याएको 'दुई राज्य समाधान' को कुरा बारम्बार गरिन्छ। तर सीमाहरू कता छन् ?,' १७ वर्षीया जाना तमिमीले यसअघि बीबीसीकी युसेफ एल्दीनसँग विमति जनाउँदै भनेकी थिइन्।



इरजेल र प्यालेस्टाइनबीचको १०० वर्ष पुरानो मुद्दा
प्रथम विश्व युद्धमा मध्य पूर्वमा शासन गरिरहेको ओटोमन साम्राज्य पराजित भएसँगै ब्रिटेनले प्यालेस्टाइन नाम गरेको क्षेत्र आफ्नो नियन्त्रणमा लिएको थियो। उक्त स्थानमा अल्पसङ्ख्यक यहूदी र बहुसङ्ख्यक अरबीहरू बसोबास गर्थे। यहूदीहरूका लागि प्यालेस्टाइनमा 'न्याशनल होम' स्थापना गर्नका लागि ब्रिटेनलाई अन्तर्राष्ट्रिय समुदायले भनेसँगै त्यहाँका समुदायबीच तनाव बढ्न थाल्यो। यहूदीहरूका लागि त्यो पुर्ख्यौली घर थियो। तर प्यालेस्टिनी अरबीहरूले पनि उक्त भूमिमा आफ्नो दाबी राखे र उक्त कदमको विरोध गरे। सन् १९२० को दशकदेखि १९४० सम्म त्यहाँ आइपुग्ने यहूदीहरूको संख्या बढ्यो। दोस्रो विश्व युद्धपछि युरोपमा उत्पीडनबाट बच्नका लागि भागेका यहूदीहरू प्यालेस्टाइन पुगे र आफ्नो स्थानको खोजी गर्न थाले। त्यसपछि यहूदी र अरबीहरूबीच अनि ब्रिटिश शासन विरुद्ध हिंसा बढ्न थाल्यो। सन् १९४७मा संयुक्त राष्ट्र सङ्घमा प्यालेस्टाइनलाई विभाजन गरी यहूदी र अरब राज्यका रूपमा स्थापित गर्ने र जेरूसलेमलाई अन्तर्राष्ट्रिय सहर बनाउने विषयको पक्षमा मतदान भयो। त्यो योजनालाई यहूदी नेताहरूले स्वीकार गरे तर अरब पक्षले भने त्यसलाई अस्वीकार गऱ्यो र कहिल्यै पनि कार्यान्वयन गरेन।
इजरेलको स्थापना र 'सङ्कट'
समस्या समाधान गर्न नसकेपछि ब्रिटिश शासकहरू सन् १९४८मा बाहिरिए। त्यसपछि यहूदी नेताहरूले इजरेल स्थापनाको घोषणा गरे।
त्यसको कैयौँ प्यालेस्टिनीहरूले विरोध गरे र पछि युद्ध पनि भयो। छिमेकी अरब राष्ट्रका सेनाले आक्रमण गरे। लाखौँ प्यालेस्टिनीहरू भागे वा भाग्न बाध्य पारिए जसलाई उनीहरूले 'सङ्कट' भन्ने गरेका छन्। त्यसपछिको वर्षमा युद्ध विराम हुँदै गर्दा अधिकांश क्षेत्र इजरेलले नियन्त्रणमा लिन सफल भयो। जोर्डनको क्षेत्र वेस्ट ब्याङ्कका रूपमा परिचित भयो भने इजिप्टको कब्जामा रहेको गाजा पनि इजरेलले कब्जा जमायो। जेरूसलेमको पनि विभाजन भयो जसमा पश्चिमी भाग इजरेली सेनाको नियन्त्रणमा रह्यो भने पूर्वी भाग जोर्डनको सेनाको नियन्त्रणमा।
हालको नक्सा
सन् १९६७ को अर्को युद्धमा इजरेलले पूर्वी जेरूसलेम, वेस्ट ब्याङ्क अनि सीरियाको गोलन हाइट्सको अधिकांश क्षेत्र, गाजा र इजिप्टको सिनाइ प्रायद्वीप आफ्नो नियन्त्रणमा लियो। अधिकांश प्यालेस्टीनी शरणार्थी र उनीहरूका सन्तान गाजा, वेस्ट ब्याङ्क र छिमेकी जोर्डन, सिरिया अनि लेबननमा बस्छन्। ती शरणार्थी र उनीहरूका सन्तानलाई इजरेलले आफ्नो घर फर्कन दिएको छैन। इजरेलले त्यस्तो गर्नाले देशमा समस्या बढ्ने र यहूदी राज्यका रूपमा आफूहरूको अस्तित्व समेत खतरामा पर्ने बताउँदै आएको छ। वेस्ट ब्याङ्क अझै पनि इजरेलको नियन्त्रणमा छ। र ऊ गाजाबाट बाहिरिइसकेको भए पनि संयुक्त राष्ट्र सङ्घले भने त्यो भूमिलाई अझै पनि नियन्त्रणमा रहेको क्षेत्रका रूपमा मान्छ।
इजरेलले जेरूसलेमको पूर्ण भागलाई आफ्नो राजधानी मान्छ। तर प्यालेस्टिनीहरूले भविष्यमा बन्ने राज्यको राजधानीका रूपमा पूर्वी जेरूसलेममा दाबी गरेका छन्। जेरूसलेममा इजरेलको पूर्ण दाबीलाई मान्यता दिने केही राष्ट्रहरूमा अमेरिका पर्छ।
पछिल्लो ५० वर्षमा इजरेलले यो स्थानमा आवासीय क्षेत्र विकास गरेको छ जहाँ ६ लाख भन्दा बढी यहूदीहरू बसोबास गर्छन्। अन्तर्राष्ट्रिय कानुन अनुसार यो गैर कानुनी रहेको र शान्तिका लागि बाधक रहेको प्यालेस्टिनीहरूले बताउने गरेका छन् तर इजरेलले भने त्यसलाई खण्डन गर्दै आएको छ।

# सिंगापुरलाई हराउँदै नेपाल फाइनलमा



CAN

**मधेशदृष्टि**
**काठमाडौं।**
नेपाल मलेसियामा चलिरहेको एसीसी यू-१६ इस्ट जोन कप क्रिकेटको फाइनलमा पुगेको छ। बायोमास ओभल क्रिकेट मैदानमा सिंगापुरलाई ९७ रनले हराउँदै नेपाल फाइनलमा पुगेको हो। जितका लागि १८५ रनको लक्ष्य पछ्याएको सिंगापुर ३१.३ ओभरमा ८७ रनमा अलआउट भयो। सिंगापुरको इनिङ्स कमजोर बनाउन नेपालका सबै बलरहरुले उत्कृष्ट प्रदर्शन गरे। कृतिक कामतले सर्बाधिक ३ विकेट लिए। उनले २.३ ओभरमा ९ रन खर्चेर ३ विकेट लिए। कप्तान अभिषेक तिवारी, प्रतीक पोखरेल, सन्तोष यादव, अशोक धामी र नरेनले १/१ विकेट लिए।
सिंगापुरका ओपनर श्रेयन च्यायु २ रनमा आउट भएपछि आएका रहील थाक्करले अर्का ओपनर रोशन रविचन्द्रनसंग मिलेर ४३ रनको साझेदारी गरे। रविचन्द्रनले सर्वाधिक २४ रन बनाए भने थाक्करले ७ रन जोडे। कविर बेर्लियाले ११ र प्रनव धनुकाले १४ रन बनाउनुबाहेक दोहोरो अंकको रन छुन सकेनन्।
यसअघि टस जितेर पहिला ब्याटिङ गरेको नेपालले निर्धारित ३५ ओभरमा ९ विकेट गुमाउँदै १८४ रन बनाएको थियो। नेपालका लागि ओपनरद्वय सूर्यांशु कोइराला र निरजकुमार यादवले पहिलो विकेटका लागि ६३ रनको साझेदारी गरेका थिए। कोइरालाले ४३ रन बनाए भने निरजकुमार यादव चौथो विकेटका रुपमा ४२ रनमा आउट भए। कप्तान अभिषेक तिवारी २५ रनमा आउट भए। सिंगापुरका हरिहरणले ३ विकेट लिए।
नेपालले अब फाइनलमा भोलि मंगलबार घरेलु टोली मलेसियासँग खेल्ने छ। अर्को सेमिफाइनलमा हङकङलाई हराउँदै मलेसियाले नेपालसँगको फाइनल भेट पक्का गरेको हो।

# खादा तथा दोसल्ला प्रयोग 'निरुत्साहन' गरिने



**मधेशदृष्टि**
**पोखरा।**
गण्डकी खेलकुद परिषद्ले प्रदेशमा हुने खेल प्रतियोगिता तथा कार्यक्रममा खादा, दोसल्लाको प्रयोग निरुत्साहन गर्ने भएको छ। परिषद्ले सोमबार प्रदेशभरका जिल्ला खेलकुद विकास समितिलाई पत्राचार गर्दै खेल प्रतियोगिता तथा कार्यक्रममा खादा, दोसल्ला प्रयोग कम गर्न निर्देशन दिएको हो।
परिषद्का सदस्य सचिव श्रीधर शर्माले परिषद्को शनिबार खेलकुदमन्त्री सुशिला सिम्खडाको अध्यक्षतामा बसेको बैठकले परिषद् र जिल्ला खेलकुद विकास समितिको आर्थिक सहयोगमा हुने जुनसुकै कार्यक्रममा पनि खादा तथा दोसल्ला निरुत्साहन गर्ने निर्णय भएकाले सोही निर्णय भएको पत्रमार्फत जानकारी दिएका छन्।
साथै, जिल्ला विकास समिति अन्तर्गत रहेका खेल संस्थालाई पनि परिषद्को निर्णय लागू गर्न निर्देशन दिइएको छ।

# हवाई कारबाहीमा पाँच प्यालेस्टिनीको मृत्यु



**एएफपी**
**प्यालेस्टाइन।**
इजरायली सेनाले सोमबार प्यालेष्टिनी क्षेत्रमा रहेको जेनिनको पश्चिमी किनारा (वेस्ट बैङ्क) क्षेत्रमा ड्रोन आक्रमण गरेको प्यालेस्टिनी स्वास्थ्य मन्त्रालयले जनाएको छ। इजरायली सेनाले जेनिन शरणार्थी शिविरमा गरेको आक्रमणमा सात जनाको मृत्यु हुनुका साथै हेलिकप्टरबाट क्षेप्यास्त्र प्रहार गरिएको दुई हप्तापछि पुनः ड्रोन आक्रमण सुरु भएको हो।
इजरायलले उत्तरी पश्चिम किनारामा रहेको प्यालेस्टिनी सशस्त्र समूहहरूको प्रभाव रहेको जेनिन शहर र यसको नजिकैको शरणार्थी शिविर, इजरायल र प्यालेस्टिनी समुदायहरूमा यहूदी बस्तीहरूबाट आक्रमणहरू भएका भन्दै कारबाही शुरू गरेको जनाएको छ।
प्यालेस्टिनीको स्वास्थ्य मन्त्रालयले सोमबारको कारबाहीमा पाँच जनाको मृत्यु हुनुका साथै २७ जना घाइते भएको जनाएको छ।
जेनिनस्थित प्यालेस्टिनी रेड क्रिसेन्टका निर्देशक महमुद अल सादीले भने, 'ड्रोनमार्फत् बम बारी भइरहेको र जमिनबाट पनि आक्रमण भइरहेको छ।' उनले भने 'धेरै घर र वस्ती वरपर बम बारी भएको छ। जताततैबाट धुवाँ उडिरहेको छ।' इजरायली सेनाले स्थानीय लडाकू समूह 'जेनिन ब्रिगेड' को कमाण्ड पोष्टका रूपमा रहेको संयुक्त कारबाही केन्द्रमा आक्रमण गरेको पुष्टि गरेको छ।
यो क्षेत्र प्यालेष्टिनी नेता महमुद अब्बासको प्यालेस्टिनी प्राधिकरणको नियन्त्रणमा छ र यसको वेस्ट बैङ्कमा आंशिक प्रशासनिक नियन्त्रण छ। सेनाका अनुसार सोमबार बिहानै गरिएको कारबाहीमा 'अवलोकन' स्थल, हतियार भण्डारण केन्द्र र हालैका महिनाहरूमा इजरायलमाथि लक्षित आक्रमण गरेका आरोपित लुकेको ठाउँलाई लक्षित गरिएको थियो।
इजरायल-प्यालेस्टाइन द्वन्द्व गत वर्षको सुरुदेखि नै थप हिंसात्मक बनेको छ।
डिसेम्बरमा लिकुड पार्टी र अति दक्षिणपन्थी तथा अति-अनुदारवादी यहूदी सहयोगीहरूबीचको गठबन्धनमा सत्ता सम्हालेका प्रधानमन्त्री बेन्जामिन नेतन्याहूले सत्ता सम्हालेपछि इजरायल थप आक्रामक बनेको देखिन्छ।
नेतन्याहूको गठबन्धनमा अति दक्षिणपन्थी राष्ट्रिय सुरक्षामन्त्री इतामार बेन-गिभरलगायत कट्टरपन्थी बस्तीबाट निर्वाचित नेताहरू समावेश छन्।

# येलेनको चीन भ्रमण

**एएफपी**
**वासिङ्टन।**
विश्वका शीर्ष दुई अर्थतन्त्रबीचको सम्बन्धमा देखिँदै आएको तनाव कम गर्न अमेरिकी अर्थमन्त्री जेनेट येलेनले यसै साता बेइजिङको भ्रमण गर्ने भएकी छिन्। अमेरिकी अर्थमन्त्रालयका अनुसार अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले गत जुनमा बेइजिङमा चीनका शीर्ष नेता सी जिनपिङ र विदेशमन्त्री किन गाङसँग भेटवार्ता गरेको केही हप्तापछि येलेनको जुलाई ६ देखि ९ सम्मको भ्रमण गर्न लागेकी हुन। मन्धालयले जारी गरेको विज्ञप्तिमा भनिएको छ, 'येलेनले आफ्ना समकक्षीहरूसँग 'सम्बन्धलाई जिम्मेवारीपूर्वक व्यवस्थापन गर्न, चासोका क्षेत्रहरूको बारेमा प्रत्यक्ष संवाद गर्न र विश्वव्यापी चुनौतीहरूको सामना गर्न सँगै काम गर्न' दुवै देशको महत्वबारे छलफल गर्ने अपेक्षा गरिएको छ।' करिब पाँच वर्षमा चीनको राजधानी बेइजिङ भ्रमण गर्ने ब्लिन्केन सबैभन्दा उच्च पदस्थ अमेरिकी अधिकारी छन् र सीले यो दुर्लभ भ्रमणका क्रममा वासिङ्टन र बेइजिङबीचको तनावपूर्ण सम्बन्धमा आफूले प्रगति देखेको बताइन्।
बेइजिङमा येलेनले चीनसँगको आर्थिक सम्बन्धलाई अमेरिकाले कसरी हेर्छ भन्ने विषयमा छलफल गर्ने एक वरिष्ठ अर्थ अधिकारीले आइतबार बताएका छन्। उनले चीनका वरिष्ठ अधिकारीसँग भेटवार्ता गर्ने र प्रमुख अमेरिकी कम्पनीको अवलोकन गर्नुहुनेछ अमेरिकी मन्त्रालयका प्रवक्ताले बताए। 'अमेरिकाले आफ्नो राष्ट्रिय सुरक्षा हित सुरक्षित गर्न र मानव अधिकारको रक्षा गर्न चाहेको भए तापनि यस सम्बन्धी कार्यहरू 'चीनमाथि आर्थिक लाभ प्राप्त गर्ने उद्देश्य' ले गरिएको होइन,' उनले भने।
'वासिङ्टनले बेइजिङसँगको 'स्वस्थ' सम्बन्धलाई पनि हेर्छ र जलवायु परिवर्तन र कर्जा संकटजस्ता अत्यावश्यक चुनौतीहरूमा सहकार्य गर्दै अर्थतन्त्रलाई कमजोर बनाउन चाहँदैन,' उनले भने। संयुक्त राज्य अमेरिकाले यस प्रारम्भिक यात्राबाट 'महत्वपूर्ण सफलता' को अपेक्षा गर्दैन, तर यसले चीनसँग सञ्चारको दीर्घकालीन च्यानलहरू निर्माण गर्ने लक्ष्य राखेको छ, अमेरिकी अर्थमन्त्रालयका एक वरिष्ठ कर्मचारीले भने।
'काउन्सिल अन फरेन रिलेसन्स ( सीएफआर)' का वरिष्ठ सदस्य एडवर्ड एल्डेनले भने 'मलाई लाग्छ कि अमेरिकी सरकारले स्पष्ट रूपमा आर्थिक सम्बन्धको बिग्रँदो अवस्थालाई कम गर्न प्रयास गरिरहेको छ। येलेनको यात्राले 'तल्लो स्तरमा वार्ता र छलफलको स्थिर ढाँचा पुनः सुरु गर्न सक्छ,' उनले भने। 'पछिल्लो समय अमेरिकाले समस्यालाई कसरी समाधान दिने भन्नेतिर भन्दा जोखिम कम गर्ने अस्पष्ट रणनीतिलाई अपनाएको देखिन्छ, उनले थपे।'एल्डेनले भने 'यसको अर्थ रणनीतिक महत्व भएका वस्तुहरूको संकुचित दायरामा ध्यान केन्द्रित गर्नु हो, ती वस्तुहरूको वरिपरि तारबार निर्माण गर्ने प्रयास गर्नु हो। तर अमेरिका-चीन आर्थिक सम्बन्धलाई उचित रूपमा बलियो बनाउन जारी राख्ने प्रयास गर्नु उचित हो।' तर पर्यवेक्षकहरूले दुई सिद्धान्त र परिवेशबाट अघि बढिरहेका दुई ठूला अर्थतन्त्र भएका मुलुकका जिम्मेवार अधिकारीको भ्रमणले तनावको शीघ्र समाधान दिनेमा खासै आशा नगरेको देखिन्छ।

# जिल्ला प्रशासन कार्यालय पर्सामा अख्तियारको टोली पस्यो

## सिफारिसका नाममा वडाध्यक्षहरुको लुटतन्त्र वडा कार्यालयमा बिचौलिया परिचालित




**हरिशंकर शर्मा**
**वीरगंज।**

अख्तियार दुरुपयोग अनुसन्धान आयोग हेटौडाको टोली जिल्ला प्रशासन कार्यालय पर्सामा सोमबार आइपुगेको हो। नयाँ ऐन अनुसार जन्मसिद्ध नागरिकका सन्तानको नागरिकता बनाउने क्रममा जिल्ला प्रशासन कार्यालयमा आर्थिक चलखेल भएको समाचारहरु प्रकाशन भएपछि अनुसन्धानको लागि अख्तियारको टोली जिल्ला प्रशासन कार्यालय पर्सामा आइपुगेको हो। भीडभाडको क्रममा अनियमित आर्थिक लेनदेन भई कुराहरु बाहिर आएपछि अख्तियारको टोली अनुसन्धानको लागि सोमबार साँझ जिल्ला प्रशासन कार्यालय पर्सामा पुगेको बताइएको छ। पर्साका प्रमुख जिल्ला अधिकारी हिरालाल रेग्मीले अख्तियारको टोली आफ्नो नियमित अनुगमनको क्रममा आएको बताए। उनले भीडभाड हुने ठाउँहरुमा अख्तियारको अनुगमन भईरहन्छ, त्यही सिलसिलामा यहाँ पनि आएको बताए। उनले भने 'बढि भीडभाड हुने कार्यालयहरुमा निगरानी गर्ने उहाँहरुको काम हो, अनुगमन गर्न सधैं आई रहनुहुन्छ भन्दै जिल्ला प्रशासन कार्यालयम मात्रै होइन बडि भीडभाड हुने सार्वजनिक अड्डा मालपोत कार्यालय, नापी कार्यालय, स्थानीय पालिकाहरुमा नियमित आउने क्रममा नै यहाँ आएको बताए। केही दिनदेखि जिल्ला प्रशासन कार्यालयमा पनि नागरिकता बनाउनेहरुको भीडभाड बढेकोले उहाँहरुको आफ्नो तरिकाले नियमित अनुगमनको क्रममा जिल्ला प्रशासन कार्यालय पर्सामा आएको बताए। नयाँ ऐन अनुसार जनमसिद्ध नागरिकका सन्तानहरुको नागरिकता वितरणको क्रममा जिल्ला प्रशासन कार्यालय पर्सामा कर्मचारीहरुले सेवाग्राहीहरुसँग पैसा असुलेको गुनासो उठ्न थालेको छ। जन्मसिद्ध नागरिकता वितरणको क्रममा भीडभाड बढेपछि जिल्ला प्रशासन कार्यालय पर्साले टोकन सिस्टम लागु गरेको छ। तर भित्रभित्रै विचौलिया मार्फत कर्मचारीहरुले नागरिकता लिनेहरुसँग पैसा असुली रहेको तीन चार दिनदेखि घटनाहरु सार्वजनिक भएको थियो। नागरिकतो वितरणको क्रममा १५ देखि २५ हजार रुपैयासम्म विचौलियाहरुले सेवाग्राहीबाट पैसा असुली रहेको बताइएको छ।

टोकट सिस्टमबाट नागरिकता लिए एक महिनासम्म लाइन लाग्नुपर्ने अवस्था रहेकोले हातको हात नागरिकता लिन विचौलिया मार्फत कर्मचारीहरुलाई १५ देखि २५ हजार रुपैयासम्म बुझाएको घटनाहरु सार्वजनिक भएपछि अख्तियारको ध्यान जिल्ला प्रशासन कार्यालय तर्फ केन्द्रित भएको बताइएको छ। छिटो नागरिकता पाउन सेवाग्राहीहरुले २५ हजार रुपैयासम्म बुझाएको घटनाहरु सार्वजनिक भएका छन्। त्यसमा पनि पैसा नदिनेहरुलाई सरजमिन काट्ने जस्ता विभिन्न कारणहरु देखाउँदै आलटाल गर्ने गरेको सेवाग्राहीहरुको गुनासो छ।

त्यति मात्रै नभई नागरिकता वितरणको मौका छोपी वडाध्यक्षहरुले पनि सेवाग्राहीहरुबाट रकम असुली गरि रहेको बताइएको छ। सिफारिसको नाममा ५ देखि ५० हजार रुपैयासम्म असुली गर्ने गरेको पाइएको छ। सिफारिसको क्रममा विभिन्न बहाना बनाउँदै वडाध्यक्षहरुले सेवाग्राहीहरुसँग पैसा असुली गरि रहेको सेवाग्राहीहरुको आरोप छ। जन्मसिद्ध नागरिकताधारीहरु आफै शंकास्पद घेरामा छन्, त्यसैको मौकाको फाइदा उठाउँदै वडाध्यक्षहरुले सिफारिसको नाममा पैसा असुल्ने गरेको बताइएको छ।

सोमबार नै वीरगंज महानगरपालिका वडा नं. ८ डेरामा बस्दै आएका एक सेवाग्राहीले नागरिकता बनाउन जाँदा वडा कार्यालयलाई १ लाख रुपैया बुझाएको गुनासो पोखे। वीरगंज स्थायी ठेगाना भई वीरगंज बाहिर बस्दै आएका ति सेवाग्राहीले आफ्नो सन्तानको नागरिकताको लागि वडा नं. ८ को कार्यालयसँग सिफारिस गराउन जाँदा विचौलियाले सबै कागजात तयार पार्न १ लाख रुपैया बुझेका थिए। कागजात तयार पार्ने क्रममा वडा कार्यालयले घरको कर चुक्तको प्रमाणपत्र मागेका थिए। साहुले १० वर्षदेखि कर नतिरेको कारण घर साहुले पनि मौकाको फाइदा उठाउँदै नागरिकता लिने हो भने १० वर्षको कर तिरेर रसिद लिएर जाउँ भनेका थिए।

घरको कर नतिर्न पनि उनले घुस बुझाउनु पर्यो। नागरिकता बनाउन सिफारिका लागि वडा कार्यालय जाँदा वडाध्यक्षहरुसँग कुरा हुन सकि रहेको छैन, वडा कार्यालयमा पनि विचौलियाहरु परिचालित छन्। नाता प्रमाणित, बसोबासको कागजात, डिजिटलाइज जन्मदर्ता बनाउने भन्दै ति व्यक्तिले वडा कार्यालयका विचौलियालाई १ लाख रुपैया बुझाएका थिए। सन्तानहरुको नागरिकता बनाउन जाँदा वडा कार्यालयले सबै कागजात तयार गरेवापत वडा कार्यालयले प्रति व्यक्ति १ लाख रुपैयासम्म बुझ्ने गरेको बताइएको छ।

# उपभोक्ताको नाम ठेकेदारको काम



*प्रदेशसभा सदस्य मनोज सिंहले आफैँले काम गराइरहेका छन्। गोलघर बनाउन १० लाख रुपैयाँ विनियोजन गरेको भन्ने सुनेको थिएँ। काम गर्न मलाइ नै उपभोक्ता समितिको अध्यक्ष बनाइयो तर ७ लाख रुपैयाँमा निर्माण गर्न ठेकेदारको जिम्मा लगाइएको सुनेको छु। मलाइ कुनै जानकारी छैन।*
*राजकुमार महतो, अध्यक्ष, उपभोक्ता समिति*

**मुकेश कुमार यादव**
**सिरहा।**

कानुन बनाउनेले नै विकास निर्माणको काम गर्दा सामान्य प्रक्रियासमेत अपनाउन नसकेको पाइएको छ। सिरहा निर्वाचन क्षेत्र नम्बर ३ प्रदेश '१' बाट निर्वाचित प्रदेशसभा सदस्य मनोजकुमार सिंहले आफ्नो निर्वाचन विकास




कोषबाट गरिरहेको विकासको काममा सामान्य सूचना बोर्डसमेत नराखेर कानुनको खिल्ली उडाएका छन्।

सिंहको विकास कोष रकमबाट आफ्नो क्षेत्रमा सिचाइँ बोरिङ, खानेपानी बोरिङ, सडक आरसिसी ढलानको योजना सञ्चालनमा छन्। उनको विकास योजनाको कुनै पनि ठाउँमा योजना झल्किने सूचना बोर्ड छैनन्। यसले नियोजित ढङ्गले योजना सञ्चालन गरेको देखिन्छ। धेरै




योजना सञ्चालन भइरहेकै ठाउँका उपभोक्तालाई काम गरिरहेको भन्ने जानकारीसमेत छैन।

गोलबजार नगरपालिका-९ मा सडक आरसिसी ढलानको काम भइरहेको छ। उपभोक्ता समितिले काम गरिरहेको भने पनि त्यहाँ उपभोक्ता समितिमा को हो भन्ने आमउपभोक्तालाई नै थाहा छैन। निर्माणको काम गोलबजार-७ चोहर्वाका व्यवसायी ओमप्रकाश श्रेष्ठले गराइरहेका छन्।

काम भइरहेका बेला रिपोर्टिङक्रममा पुग्दा व्यवसायी श्रेष्ठले काम गराइरहेका थिए। उनले उपभोक्ता समिति गठन भएको भए पनि आफैँले काम गराइरहेको बताए। उनले भने, 'गाउँकै उपभोक्ता समिति हो, मैले अहिले नाम बिर्सें। काम मैले नै गराउँदैछु।'

सोही वडाको डण्डाटोलमा गंगाप्रसाद महतोको घर अगाडि १० लाख रुपैयाँको लागतमा गोलघर निर्माण कार्य भइरहेको छ। गाउँकैलाई राखेर नामका लागि उपभोक्ता समिति गठन गरे पनि काम भने प्रदेशसभा सदस्य आफैँले ठेकेदारमार्फत गराइरहेको स्थानीय बताउँछन्।

गोलघर निमार्ण गर्न गठन गरिएको उपभोक्तालाई जानकारी नै नगराई काम सुरु भएपछि स्थानीयले बिरोध गरेका थिए। तर, बिरोधका बाबजुद प्रदेशभा सदस्य सिंह आफैँले निश्चित प्रतिशतको बार्गेनिङमा कामको जिम्मा ठेकेदारलाई दिएको उपभोक्ता समितिका अध्यक्ष राजकुमार महतोले बताए।

उनले भने, 'प्रदेशसभा सदस्य मनोज सिंहले आफैँले काम गराइरहेका छन्। यो गोलघर बनाउन १० लाख रुपैयाँ विनियोजन गरेको भन्ने सुनेको थिएँ। काम गर्न मलाई नै उपभोक्ता समितिको अध्यक्ष बनाइयो तर ७ लाख रुपैयाँमा

*बाँकी पृष्ठ २ मा*

# पेट्रोलियम पदार्थको मूल्य घट्यो

**मधेशदृष्टि**
**जनकपुरधाम।**

नेपाल आयल निगम लिमिटेडले पेट्रोल तथा डिजेल/मट्टितेलको मूल्य घटाएको छ।

सोमबार राति १२ बजेदेखि लागू हुने इन्डियन आयल कर्पोरेसन लिमिटेडले असार १६, २०८० मा प्राप्त नयाँ खरिद मूल्यसूचीका सन्दर्भमा निगम सञ्चालक समितिको बसेको बैठकले मूल्य घटाउने निर्णय गरेको हो।

यस बैठकको निर्णयअनुसार साबिकको खुद्रा बिक्री मूल्यमा पेट्रोल तथा डिजेल/मट्टितेलमा पहिलो, दोस्रो तथा तेस्रो वर्गका लागि क्रमशः प्रति लिटर ७.५० रुपैयाँ, ६ रुपैयाँ र ५ रुपैयाँले घटाइएको छ। यसका साथै साबिकको आन्तरिकतर्फको हवाई इन्धनमा प्रति लिटर १४ रुपैयाँ तथा अन्तर्राष्ट्रियतर्फको हवाई इन्धनको खुद्रा बिक्री मूल्यमा प्रति किलो लिटर अमेरिकी डलर ११५ (प्रति लिटर करिब १५०० रुपैयाँ) ले घटाएको छ।

तर एलपी ग्यासको मूल्य भने यथावत रहेको जनाइएको छ।

# कार्यक्षेत्र फराकिलो बनाउन जरुरी: यादव




**मधेशदृष्टि**
**वीरगंज।**

पर्सा क्षेत्र नम्बर १ का प्रतिनिधि सभा सदस्य सांसद प्रदीप यादवले जिल्ला

*बाँकी पृष्ठ २ मा*

## यौन रोगहरुको पहिचान कसरी गर्न सकिन्छ ?

यौन रोगहरुको पहिचान या त लक्षणबाट हुन सक्छ या प्रयोगशाला जाँच गरेर गर्न सकिन्छ। लक्षण नदेखिएका यौन रोगहरुलाई प्रयोगशालामा जाँच गरेर मात्र पहिचान गर्न सकिन्छ।



**यौन रोगहरुको उपचार नगराएमा के हुन्छ ?**

- यौन रोगको उपचार गराईएन भने यी समस्याहरु आउन सक्छ।
- धातुरोगले महिलाहरुमा बाँझोपन हुने समस्यालाई निम्त्याउन सक्छ।
- यौन अंगको मुसाका कारणबाट पुरुषको लिङ्ग तथा महिलाहरुको पाठेघर मुखमा क्यान्सर हुन सक्छ।
- गर्भवती महिलामा धातुरोग भएको खण्डमा नवजात शिशुमा अन्धोपन आउन सक्छ।
- भिरिङ्गीका कारणले मानसिक असन्तुलन र मुटुको रोग जस्ता समस्याहरु आउन सक्छ।



**के यौन रोग संक्रमणहरुको रोकथाम गर्न सकिन्छ ?**

- यौन रोग संक्रमणहरुबाट बच्ने एकमात्र उपाय यौन सम्पर्क नराख्नु हो।
- यदि तपाईले यौन सम्पर्क राख्नुहुन्छ भने, एक विश्वासिलो ब्यक्ति बाहेक अरुसँग यौन सम्पर्क नराख्ने।
- हरेक पटकको यौन सम्पर्कमा (योनी, मुख र मलद्वार) कण्डमको सही र नियमित प्रयोग गर्नुपर्छ।
- रोगले जटिल रुप लिन वा अन्य ब्यक्तिहरुमा सर्नबाट बचाउनको लागि समयमै स्वास्थ्यकर्मीबाट उपचार गराउने।
- यौन रोग देखापरे पछि स्वास्थ्यकमीको सल्लाह बमोजिम औषधीको नियमित सेवन गर्नुपर्छ।
- यौन रोग देखापरे पछि यौन साथीको पनि पुर्णरुपमा उपचार गर्नुपर्छ।

## यसरी रोकथाम हुन्छ एचआइभी एड्स

एचआइभी प्रतिरक्षा प्रणालीमा कमी गराउने एक प्रकारको भाइरस हो। जसको संक्रमणबाट मानव शरीरमा प्रतिरोधात्मक क्षमतामा ह्रास आउने गर्छ। फलस्वरूप कुनै पनि रोग (सामान्य तथा जटिल) सजिलै लाग्ने गर्छ। जसलाई एड्स भएको भनिन्छ।

**यस्तो छ तथ्यांक**

राष्ट्रिय एड्स तथा यौनरोग विभागले सन् २०१८ मा गरेको अध्ययनअनुसार नेपालमा २१ हजार तीन सय ८८ जना एचआइभी एड्स संक्रमित रहेको पाइएको छ। त्यस्तै सन् २०१८ मै पिपुल लिभिङ विथ एचआइभीको अध्ययनअनुसार २९ हजार नौ सय ४४ जना एचआइभी संक्रमित रहेको अनुमान छ। तर, कतिपय व्यक्ति यसबारे नखुल्ने भएकाले योभन्दा धेरैमा एड्स रोगी हुन सक्ने अनुमान गरिन्छ। हालसम्म एड्सकै कारण विश्वमा लगभग तीन करोड ५० लाख मानिसको मृत्यु भइसकेको छ।

**लक्षण**

एचआइभी एड्स आफैँमा रोग होइन, तर यो समस्या हुँदा प्रतिरोधी क्षमता क्षीण हुँदै जान्छ। जसका कारण कुनै रोग लागेमा सजिलै निको हुँदैन। अधिकांश एचआइभी संक्रमित मानिसमा कुनै लक्षण नदेखिन सक्छ। अर्थात्, एड्स भए/नभएको जाँच्दा संक्रमणको कुनै संकेत देखिँदैन।

संक्रमण भएको लामो समयपछि एड्सको लक्षण देखिन सक्छ। व्यक्तिको प्रतिरोधी क्षमताअनुसार लक्षण फरक हुने गर्छ। स्वास्थ्यमा विभिन्न समस्या देखापर्दै जान्छन्। तर, उपचार गर्दा निको हुन समय लाग्छ।

बिस्तारै खान मन नलाग्ने, तौल घट्दै जाने, निद्रा नपर्ने, तथा डर लागेजस्तो हुनेजस्ता लक्षण देखिन्छन्।

अन्य कुनै संक्रमणको उपचार गर्दा पनि बारम्बार लक्षण देखिइरहन्छन्। रोगको उपचार बिस्तारै सम्भव हुन छाड्छ।

**कारण**

एचआइभी एड्सको मुख्य कारण असुरक्षित यौन सम्पर्क हो। विशेषगरी, धेरैजनासँग असुरक्षित यौन सम्बन्ध राख्ने व्यक्तिमा एचआइभी संक्रमण हुने सम्भावना बढी हुन्छ।

लागुपदार्थ प्रयोग गर्नेले जथाभावी सिरिन्ज प्रयोगमा ल्याउने गर्छन्। यसकारणसमेत एचआइभी सर्ने सम्भावना रहन्छ।

कुनै पनि माध्यमबाट संक्रमित व्यक्तिको रगतको सम्पर्कमा आउँदासमेत एचआइभी हुने गर्छ।

**यसरी थाहा पाउने**

सामान्य लक्षणका आधारमा एचआइभी संक्रमित भएको पत्ता लगाउन सकिँदैन। संक्रमित भएको थाहा पाउन रगत परीक्षण गर्नुपर्ने हुन्छ।

सिडिफोर र भाइरल लोड रगत परीक्षण गरेर एचआइभी संक्रमण भए/नभएको तथा कुन स्टेजमा रहेको पत्ता लगाउन सकिन्छ।

**रोकथाम र उपचार**

असुरक्षित यौनसम्पर्क नराख्ने तथा एचआइभी संक्रमितको रगतको सम्पर्कबाट टाढा रहनुपर्छ।

जथाभावी सुइको प्रयोग गर्नुहुँदैन। विशेषगरी, लागुपदार्थ प्रयोगकर्ता यस्ता गतिविधिबाट बच्नुपर्छ।

संक्रमित आमाबाट बच्चा जन्माउनु परे चिकित्सकको पूर्ण निगरानीमा रहनुपर्छ। सम्बन्धित विशेषज्ञसँग परामर्श लिएर गर्भवती हुँदा र जन्माउँदा एचआइभी नेगेटिभ भएको बच्चा जन्मन सक्छ।

एचआइभी संक्रमित भइसकेपछि यसको कुनै उपचार छैन। तर, औषधि सेवनबाट यसलाई नियन्त्रणमा राख्न सकिन्छ। जसअन्तर्गत एआरटी अर्थात् एन्टिरेट्रोथेरापी पर्छ।

**स्वास्थ्य कार्यालय, धनुषा**
जनकपुरधाम, मधेश प्रदेश, नेपाल

# डुबान हटाउन हाइ अलर्ट



**मधेशदृष्टि**
**वीरगंज।**

वीरगंज महानगरपालिकाले पानी परेसँगै डुबान भएका स्थानमा तत्काल पानीको बहाव खोली डुबान हटाउन सरसफाइकर्मीलाई हाई अलर्ट अवस्थामा राखेको छ। सोमबार बिहानदेखि परेको पानीले नगरका विभिन्न स्थानमा डुबान भएसँगै तत्काल जाम भएका नाला खोल्न सरसफाइकर्मी खटाएर नाला सफा गरी पानीको बहाव खोलेसँगै डुवान हटेको छ।

सोमबार बिहानैदेखि वीरगंजमा वर्षा भइरहेको र नगरका अधिकांश क्षेत्रमा साना नालामा क्षमता भन्दा बढी पानी परेसँगै केही स्थानमा डुबान भएको थियो।

डुबान भएका क्षेत्रमा तत्काल सरसफाइकर्मी पुगे नालाको अवरोध हटाएर पानीको बहाव खोलेसँगै डुबान हटेको वीरगंज महानगरपालिकाका सरसफाइ अधिकृत सरफुद्दिन मियाँले जानकारी दिए।

पानी परेसँगै वीरगंज महानगरपालिकाको वडा नम्बर ११, वडा नम्बर १० आदर्शनगर, घण्टाघर सिडिओ कार्यालय अगाडि, भारतीय दुवावास अगाडिको डिभाइडर, बाइपास सडक खण्डको नाला र सिर्सिया पुलको नालाको अवरोध हटाएसँगै वर्षाको पानी जमेर भएको डुबान हटेको मियाँले बताए।

विगतका वर्षहरुमा सानो पानी पर्ना साथ वीरगंजका अधिकांश क्षेत्र डुबानमा पर्दै आएको हुँदा यसपटक महानगरपालिकाले नाला तथा ढल नलको सरसफाइलाई प्राथमिकतामा राखी काम गर्दै आएको छ।

विशेष गरी वीरगंजको मुख्य नाला खोल्ने काममा महानगरपालिका लागिपरेको र आदर्शनगर क्षेत्रका नालासमेत सरसफाइ गरिएका कारण गतवर्षको जस्तो डुबान क्षेत्रमा समस्या नभएको मियाँले बताए। वर्षायाम सुरु भएसँगै वीरगंज महानगरपालिकाले डुबान हुने क्षेत्रमा नालाको अवरोध हटाउन सरसफाइकर्मीलाई तत्काल खटाउने गरी हाइ अलर्ट अवस्थामा राखेको सरसफाइ प्रमुख मियाँले जानकारी दिए।

## नारायणी अस्पतालको सरसफाइ महानगरले गर्ने

*मधेशदृष्टि*
*वीरगंज।*

*नारायणी अस्पतालको सरसरफाइको जिम्मेवारी वीरगंज महानगरपालिकाले लिने भएको छ। मेयर राजेशमान सिंहले आशाराम हस्पिटलको १० औं वार्षिकोत्सव समारोह उद्घाटन गर्दै साउन १ गतेदेखि नारायणी अस्पतालको सरसफाइको सम्पूर्ण जिम्मेवारी महानगरपालिकाले लिने जानकारी दिए।*

*वीरगंजमा साना अस्पताल धेरै खुलेको बताउँदै मेयर सिंहले स्तरीय सेवासहितका अस्पताल स्थापना गर्नुपर्नेमा जोड दिए। धार्मिक पर्यटन, पर्यटकीयस्थल सुधार मात्रै नभइ वीरगंजका सबै पक्षमा सुधार ल्याउने बताउँदै उनले वीरगंज बनाउने जिम्मा सबैको भएको समेत उल्लेख गरे।*

*कार्यक्रममा नारायणी अस्पतालका जेनेरल फिजिसियन डा.निरज सिंहले वीरगंजलाई मेडिकल टुरिज्म सेन्टर बनाउनुपर्ने सुझाव दिए। मधेश विश्वविद्यालयका उपकुलपति डा. दीपक शाक्यले सडक सरसफाइसँगै स्वास्थ्य क्षेत्रमा रुपान्तरण आवश्यक भएको बताए।*

*वार्षिकोत्सवको अवसरमा आशाराम हस्पिटलले सरकारको आमा सुरक्षा कार्यक्रममार्फत निःशुल्क प्रसुती सेवा सुरु गरेको छ। प्रतीक दैनिकका प्रधान सम्पादक जगदीश शर्माले आमा सुरक्षा कार्यक्रम राम्रो भएन भनेर लेख्नुपर्ने अवस्था नआओस् भन्ने धारणा व्यक्त गरे। कार्यक्रममा स्वास्थ्य क्षेत्रमा दिएको अतुलनीय योगदानको कदर गर्दै डाक्टर सागरमान सिंह अमात्य र डा. पिंगला अमात्यलाई र शिक्षा क्षेत्रमा गरेको योगदानको कदर गर्दै डाक्टर दीपक शाक्यलाई सम्मान समेत गरिएको थियो। वार्षिकोत्सव अवसरमा सप्ताहव्यापी कार्यक्रम राखिएको म्यानेजिङ डाइरेक्टर निभा दासले जानकारी दिइन्। पहिलो दिन आइतबार अस्पताल परिसरमा रक्तदान भएको थियो।*

मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन